श्रम तथा रो.प्र.वि.द.नं. २१४/२०६४/०६५

"सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं !"
"संघीयतामा सुशासन, सामाजिक सुरक्षा र श्रमको सम्मान-राजनीतिक अधिकार सहितको ट्रेड युनियन हाम्रो अभियान"



# NEGEO समाचार मासिक

वर्ष १ | अङ्क ३ | असार २०८२ | ने.सं. ११४५ | जुन-जुलाई २०२५


**सल्लाहकार**
अध्यक्ष, भवानी न्यौपाने दाहाल
वरिष्ठ उपाध्यक्ष, रेवन्त गौतम
वरिष्ठ उपाध्यक्ष, प्रभास प्रसाद साह

**सम्पादक**
रामचन्द्र अधिकारी

**कार्यालय व्यवस्थापन**
पदम बहादुर शाही

**अतिथि सम्पादक**
ललीक बहादुर महर्जन


## २०८२ जेठ महिनाका गतिविधिहरू

# नेपाल निजामती कर्मचारी संगठनद्वारा २०८२ जेठ महिनामा गरेका विभिन्न गतिविधिहरू

### संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र ट्रेड युनियनबीच छलफल

निजामती कर्मचारी कल्याण कोष, २०७२ को संशोधन, निजामती कर्मचारीहरुको व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्वन्धी राष्ट्रिय नीति, २०७८ को मस्यौंदा र निजामती कर्मचारी हित तथा कल्याण सम्वन्धी राष्ट्रिय नीति, २०७८ का सम्बन्धमा नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रियस्तरका ट्रेड युनियनहरुकावीच छलफल तथा अन्तर्क्रिया कार्यक्रम मिति २०८२ जेठ १ गते सम्पन्न गरी नियमावली तथा नीतिहरु निर्माण गरी कर्मचारीहरुको सेवा सुविधा प्रदान गर्ने सम्वन्धमा छलफल कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा संगठनका अध्यक्ष भवानी न्यौपाने दाहाल, महासचिव रामचन्द्र अधिकारी, उप-महासचिव बामदेव ओली लगायत राष्ट्रियस्तरको ट्रेड युनियनका पदाधिकारी तथा मन्त्रालयका उच्च अधिकारीहरु रहनु भएको थियो ।

### आ.व. २०८२/०८३ को बजेट सुझाव संकलन



नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिको आ.व. २०८२/०८३ को बजेटमा कर्मचारीहरुका सवाल तथा घरजग्गा वीमा कार्यक्रम सम्वन्धी सुझाव संकलन गर्ने कार्यक्रम नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री माननीय राजकुमार गुप्ताको प्रमुख आतिथ्यतामा मिति २०८२ जेठ २ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सभाहलमा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा घरजग्गा कर्जा वीमा कार्यक्रमको कार्यपत्र संगाठनका उपाध्यक्ष युवाचन्द्र घिमिरेले प्रस्तुत गर्नु भएको थियो भने बजेटमा कर्मचारीहरुका सवाल सम्वन्धी छलफल कार्यक्रममा महासचिव रामचन्द्र अधिकारीले छलफल-पत्र प्रस्तुत गर्नु भएको थियो । दुवै कार्यपत्रमाथि नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव कालीप्रसाद पराजुली, अर्थ मन्त्रालयका सहसचिव रमेश अर्याल, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव मिरा आचार्य र उपसचिव रुपनारायण खतिवडाले सुझावहरु प्रस्तुत गर्नु भएको थियो ।

## सम्माननीय सभामुखज्यूसँग छलफल

संघीय संसदको राज्य व्यवस्था तथा सुशासन समितिले संशोधन सहित पारित गरेको संघीय निजामती सेवा विधेयकको प्रतिवेदन संघीय संसदमा प्रस्तुत गर्न र सरोकारवाला निकायहरुसँग थप छलफलको लागि आवश्यक पहल कदमी गर्नको लागि सम्माननीय सभामुख देवराज घिमिरे र नेपाल निजामती कर्मचारी संगठनका पदाधिकारीहरु वीच मिति २०८३ जेठ ३ गते संघीय संसद सचिवालयमा सम्पन्न भएको थियो ।

## पेसागत महासंघ नेपालसँग संघीय ऐनका सम्बन्धमा छलफल

संघीय संसदमा विचाराधिन रहेको संघीय निजामती सेवा विधेयकको बारेमा पेसागत महासङ्घ नेपालका पदाधिकारी, इन्चार्ज र नेपाल निजामती कर्मचारी संगठनका पदाधिकारीहरुवीच मिति २०८२ जेठ ४ गते महासङ्घको सभाहलमा छलफल कार्यक्रम सम्पन्न भएको थियो ।

## संघीय निजामती सेवा विधेयक सम्बन्धमा छलफल

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले मिति २०८२ जेठ २ गते संशोधन सहित पारित गरेको संघीय निजामती सेवा विधेयकको प्रतिवेदन संघीय संसदमा दर्ता नगरेको, सरोकारवाला निकायहरुसँग छलफल नभएको सम्वन्धमा संगठनको साझा धारणा निर्माण गर्न नेपाल निजामती कर्मचारी संगठन, उपत्यकामा रहेका केन्द्रीय पदाधिकारी, सदस्य तथा जिल्ला/विभागीय अध्यक्षहरुवीच मिति २०८२ जेठ ४ गते संगठनको सभाहल, बबरमहल, काठमाडौंमा छलफल कार्यक्रम सम्पन्न भएको थियो ।

## सत्तापक्षका मुख्य सचेतक मा. महेश बर्तौला र संगठन पदाधिकारीबीच छलफल



नेपाल निजामती कर्मचारी संगठनका पदाधिकारी र नेकपा (एमाले) संसदीय दलका मुख्य सचेतक माननीय महेश बर्तौलाबीच मिति २०८२ जेठ ८ गते संघीय संसदमा विचाराधीन रहेको संघीय निजामती सेवा विधेयक लगायत समसामयिक विषयमा छलफल कार्यक्रम सम्पन्न भएको थियो ।

## ट्रेड युनियन सञ्जालको बैठक

नेपाल निजामती कर्मचारी संगठनका अध्यक्ष भवानी न्यौपाने दाहालको अध्यक्षतामा संयुक्त ट्रेड युनियन सञ्जालको बैठक मिति २०८२ जेठ ११ गते संगठन केन्द्रीय कार्य समितिमा सम्पन्न भएको थियो ।

## गणतन्त्र दिवस मनाउने सम्बन्धमा पूर्वतयारी

वि.सं. २०८२ को गणतन्त्र दिवस भव्यतापूर्वक सम्पन्न गर्नका लागि पेसागत महासङ्घ नेपालको आयोजनामा नेपाल निजामती कर्मचारी संगठन लगायत पेसागत महासङ्घ नेपालको उपस्थितिमा वि.सं. २०८२ जेठ १३ गते संगठन केन्द्रीय कार्य समितिको सभाहलमा छलफल कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा मिति २०८२ जेठ १५ गते भृकुटीमण्डप, प्रदर्शनीमार्गमा आयोजना हुने गणतन्त्र दिवसलाई व्यवस्थित, सभ्य, भव्य र मर्यादित बनाउनका लागि पेसागत महासङ्घ नेपालका इन्चार्ज कमरेड रामेश्वर फुयालले विचारहरु प्रस्तुत गर्नु भएको थियो ।

## गणतन्त्र दिवसः




पेसागत महासंघ नेपालको व्यानरमा गौरव, गरिमा र एकताको उत्सवको रुपमा गणतन्त्र दिवस २०८२, भृकुटीमण्डपमा उल्लेख सहभागिता सहित जेठ १५ गते मनाउने काम सम्पन्न भएको छ । उक्त कार्यक्रममा नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय पदाधिकारी सदस्यहरु, जिल्ला/विभागीय कार्य समितिका पदाधिकारी तथा सदस्य लगायत अन्य संगठकहरुको उपस्थिती रहेको थियो ।

श्रम तथा रो.प्र.वि. दर्ता नं. २१४/२०६४/०६५

"सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं"

# नेपाल निजामती कर्मचारी संगठन

**(Nepal Government Employees' Organization)**

केन्द्रीय कार्य समिति, बबरमहल, काठमाडौं

(पेशागत महासंघ नेपालसँग आवद्ध निजामती कर्मचारीहरुको राष्ट्रिय स्तरको ट्रेड युनियन)

## शुभकामना सन्देश

गणतन्त्र दिवस-२०८२ को अवसरमा नेपाल निजामती कर्मचारी सम्पुर्ण सदस्यहरु, अगंज संगठक लगायत सम्पूर्ण पेसाकर्मीहरु साथै देशविदेशमा रहनु भएका श्रमिक वर्ग, बुद्धिजीवी वर्ग तथा सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा संगठनको तर्फबाट हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जनताको सङ्घर्ष र बलिदानीबाट प्राप्त गणतन्त्रलाई रक्षा गर्ने हाम्रो साझा संकल्प पूरा गर्नको लागि गौरव, गरिमा र एकताको उत्सवको रूपमा गणतन्त्र दिवस- २०८२ जेठ १५ गते भव्य रुपमा मनाउन गइरहेका छौं ।

गणतन्त्र केवल शासनको स्वरूप परिवर्तन मात्र होइन, यो नागरिकको अधिकार, समानताको प्रत्याभूति, र जनताको सहभागितामूलक शासन प्रणाली हो । गणतन्त्र दिवसको दिनलाई हामीले विगतका संघर्ष, बलिदान र जनआन्दोलनबाट प्राप्त गरेको उपलब्धिलाई सम्झने र त्यसको संरक्षण तथा सुदृढीकरणतर्फ दृढ अठोट गर्ने अवसरको रूपमा लिनुपर्दछ ।

वर्तमान सन्दर्भमा गणतन्त्रको मूल्य र मान्यतालाई संस्थागत गर्दै, जनउत्तरदायी, पारदर्शी र जनपक्षीय शासन प्रणाली विकास गर्न सक्नु सबै सचेत नागरिक र आम पेसाकर्मीहरुको साझा जिम्मेवारी हो । विशेष गरी निजामती क्षेत्रका अगुवा तथा सचेतवर्गका रुपमा हामी गणतन्त्रलाई व्यवहारमा उतार्न, जनताका मुद्दालाई प्राथमिकतामा राखी सुशासन प्रवद्धन र संस्थागत विकासमा क्रियाशील रहनु अत्यन्त आवश्यक छ ।

यस अवसरमा, हामी सबै मिलेर लोकतान्त्रिक मूल्य र गणतान्त्रिक अभ्यासलाई अझ मजबुत बनाउने संकल्प गरौं । संकल्पलाई पूरा गर्न अग्रसर बनौं । नेपाल निजामती कर्मचारी संगठन हार्दिक प्रतिबद्धता व्यक्त गर्दछ।

भवानी न्यौपाने दाहाल

अध्यक्ष

२०८२/०२/१५

## केन्द्रीय कार्यसमितिको दोस्रो सचिवालय बैठक



नेपाल निजामती कर्मचारी संगठनको दोश्रो सचिवालयको बैठक मिति २०८२ जेठ १५ गते संगठन केन्द्रीय कार्य समितिको सभाहलमा सम्पन्न भएको थियो । उक्त बैठकले केन्द्रीय कार्य समितिको दोश्रो बैठकमा प्रस्तुत हुने साँगठानिक तथा आर्थिक प्रतिवेदन लगायत एजेण्डा समेत पारित गरेको थियो ।

## केन्द्रीय कार्यसमितिको दोस्रो बैठक




नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिको दोश्रो बैठक तथा प्रशिक्षक प्रशिक्षण कार्यक्रम, २०८२ जेठ १६ गते देखि १८ गते सम्म काठमाडौंमा सम्पन्न भएको थियो । उक्त बैठकमा नेकपा (एमाले)का महासचिव कमरेड शंकर पोखरेल, पेसागत महासङ्घ नेपालका इन्चार्ज कमरेड रामेश्वर फुयाल, पेसागत महासङ्घ नेपालका अध्यक्ष पुण्यप्रसाद ढकाल, उपाध्यक्ष भोलानाथ पोखरेल, महासचिव केदारप्रसाद देवकोटा, सल्लाहकार समितिका अध्यक्ष लेखनाथ कोइराला लगायतका केन्द्रीय सल्लाहकारहरु, पूर्व अध्यक्ष गणेश बस्यालको उपस्थिति रहेको थियो । उक्त प्रशिक्षण कार्यक्रममा सकारात्मक सोच, नेतृत्व बिकास लगायतका विषयमा वरिष्ठ प्रशिक्षक नरबहादुर कार्की र सामाजिक सञ्जालको प्रयोग ए.आई. लगायतका विषयमा प्रशिक्षक रोमकान्त पाण्डले केन्द्रीय पदाधिकारी तथा सदस्यहरुलाई प्रशिक्षण प्रदान गर्नु भएको थियो । उक्त प्रशिक्षणमा ७३ जनाको सहभागिता रहेको कार्यक्रममा संगठनका केन्द्रीय सदस्यहरु, प्रदेश अध्यक्षहरुले आफ्नो प्रस्तुती राख्नु भएको थियो । केन्द्रीय कार्य समितिको दोश्रो बैठकबाट साँगठनिक तथा आर्थिक प्रतिवेदन र समसामयिक प्रस्ताव पारितका साथै केन्द्रीय कार्य समितिमा रिक्त रहेको केन्द्रीय सदस्य तथा सचिवालय सदस्यहरुको मनोनयन र केन्द्रीय पदाधिकारी तथा सदस्यहरुको जिम्मेवारी बाँडफाँट लगायतका निर्णयहरु गर्दै सम्पन्न भएको थियो ।

## अन्तर ट्रेड युनियन सञ्जालको बैठक



नेपाल निजामती कर्मचारी संगठनका अध्यक्ष भवानी न्यौपाने दाहालको अध्यक्षतामा संयुक्त ट्रेड युनियन सञ्जालको बैठक मिति २०८२ जेठ २९ गते संगठन केन्द्रीय कार्य समितिमा सम्पन्न भएको थियो ।

## ट्रेड युनियनको धर्ना कार्यक्रम



मिति २०८२ जेठ २०-२३ गते संयुक्त ट्रेड युनियन सञ्जालको आयोजनामा संघीय निजामती सेवा विधेयक तत्काल जारी गर्न धर्ना कार्यक्रम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्राङगणमा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा सबै ट्रेड युनियनका पदाधिकारी तथा सदस्यहरुको उल्लेखनीय उपस्थिती रहेको थियो ।


## संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री र ट्रेड युनियन वीच छलफल:



नेपाल निजामती कर्मचारी संगठनको अगुवाईमा राष्ट्रियस्तरका ट्रेड युनियनहरुको सहभागीतामा राज्य व्यवस्था तथा सुशासन समितिबाट पारित भएको संघीय निजामती सेवा विधेयकमा ट्रेड युनियनहरुले उठाएका साझा माग मुद्दाहरु समावेश गर्नको लागि थप दवाव सिर्जना गर्नको लागि २०८२ जेठ ११ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका माननीय मन्त्रीसँग राष्ट्रियस्तरका ट्रेड युनियनका पदाधिकारी बीच छलफल कार्यक्रम सम्पन्न भएको थियो ।

## आन्दोलनको कार्यक्रम सार्वजनिक

संघीय निजामती सेवा विधेयक कर्मचारी मैत्री तथा नागरिक मैत्री जारी गर्न ढिलाई भएको अवस्थामा उक्त विधेयकलाई तत्काल जारी गराउनको लागि संयुक्त रुपमा मागहरु सम्बोधनका लागि सरकारसँग पेश गर्ने कार्यक्रम साथै उक्त कार्यक्रमहरुको सार्वजनिक गर्नका लागि संयुक्त पत्रकार भेटघाट समेत सम्पन्न भएको थियो ।




संयुक्त प्रेस नोट

देश सङ्घीय शासन प्रणालीमा गएको लामो समयसम्म प्रशासनिक संङ्घीयता कार्यान्वयन गर्ने र संघ/प्रदेश/स्थानीय तहको कर्मचारी व्यवस्थापनका लागि मार्गदर्शन गर्ने छाता कानूनको रूपमा रहेको सङ्घीय निजामती सेवा ऐन हालसम्म जारी नहुँदा मुलुकको सङ्घीय सार्वजनिक प्रशासनमा अन्योलता र अस्थिरता व्यापत छ। नेपालको निजामती क्षेत्रमा व्याप्त रहेका समस्या समाधान गरी उच्च मनोवल युक्त कर्मचारीका माध्यमबाट नेपालको सार्वजनिक प्रशासनको प्रभावकारिता अभिवृद्धि गर्नका लागि संघीय निजामती सेवा विधेयकमा समेट्ने विषयका सन्दर्भमा राष्ट्रियस्तरका ट्रेड युनियनहरुले नेपाल सरकार र सरोकारवाला निकायलाई लिखित रुपमा पटक पटक मागपत्र बुझाई ध्यानाकर्षण गराउँदै आएका छौँ। राज्य व्यवस्था तथा सुशासन समितिमा भएका छलफलमा हामीले उठाउँदै आएका माग/मुद्धाहरुको सम्बोधन हुने आश्वासन प्राप्त भए तापनि समितिले पारित गरेको प्रतिवेदन सार्वजनिक नगरिएको र संचार माध्यममा प्रकाशित समाचारअनुसार महत्वपूर्ण मागहरु सम्बोधन नगरी समितिबाट विधेयक पारित गरी संसदको कार्यसूचीमा समेत समावेश भएकोमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ।

हामीले उठाउँदै आएका मागहरू सम्बोधन गरी नागरिकमैत्री र कर्मचारी मैत्री संघीय निजामती सेवा ऐन यथाशीघ्र जारी गर्न दवाव दिनका लागि तपसिल बमोजिमका आन्दोलनका कार्यक्रम घोषणा गर्न वाध्य भएका छौं। यसबाट उत्पन्न हुने असहज परिस्थितिको पूर्व आंकलन गरी माग सम्बोधनमा संवदेनशील हुन नेपाल सरकार समक्ष जोडदार माग गर्दछौं। सवै सहज माध्यमवाट हाम्रा मागहरु सम्बोधन गराई संघीय निजामती सेवा ऐन जारी गराउन प्रयास गर्दासमेत सरोकार पक्षबाट सुनुवाई नभएकोले आन्दोलनका कार्यक्रम घोषणा गर्न बाध्य भएको परिस्थितिलाई बुझिदिन र प्रशासनिक संघीयता कार्यन्वयन गराउने उद्देश्यका साथ गरिएको यस आन्दोलनमा समर्थन/ऐक्यवद्धताका लागि आम नागरिक/संचारमाध्यम लगायत सम्पूर्णमा हार्दिक अनुरोध गर्दछौं।

प्रमुख मागहरू

१. दफा २ को (ङ) मा निजामती कर्मचारी भन्नाले संघीय निजामती सेवाको पदमा वहाल रहेको व्यक्ति सम्झनु पर्दछ। सो शब्दले कानून बमोजिम प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीलाई समेत सम्झनु पर्दछ।
२. दफा ५ को उपदफा (१) खण्ड (ठ) मा स्वास्थ्य सेवा र खण्ड (ड) मा संसद सेवा थप गर्ने।
३. दफा १० को उपदफा (१) को खण्ड (घ) मा राजपत्र अनंकित द्वितिय श्रेणी वा सहायक चौथो तहमा खुला ७० प्रतिशत अन्तर तह २० प्रतिशत र वढुवाद्धारा १० प्रतिशत
४. दफा १० को उपदफा (१) को खण्ड (च) मा राजपत्रांकित तृतिय श्रेणी वा अधिकृत सातौं तहमा खुला ५० प्रतिशत अन्तर तह १० प्रतिशत र वढुवाद्धारा ४० प्रतिशत
५. दफा १० को उपदफा (१) को खण्ड (ज) मा राजपत्रांकित प्रथम श्रेणी वा अधिकृत एघारौ तहमा अन्तर तह १५ प्रतिशत र वढुवा ८५ प्रतिशत।



६. दफा १० को उपदफा (२) को १० वर्ष सेवा अवधि पुरा भएको र तोकिए बमोजिमको शैक्षिक योग्यता भएका सहायकस्तरका निजामती कर्मचारी राजपत्रांकित द्वितीय श्रेणी वा अधिकृत नवौ तहको खुला पदमा उम्मेदवार हुन पाँउने छन्।
७. दफा १० को खण्ड (ङ) मा जुनसुकै कुरा लेखिएको भएतापनि सहायक चौथो तहको पद नहुने प्राविधिक सेवाको पदमा सहायक पाचौ तहमा खुलाबाट पदपूर्ति गर्न वाधा पर्ने छैन्।
८. दफा १० को उपदफा (२) मा थप खुला वा अन्तर तह प्रतियोगिताबाट पदपूर्ति गरिने पदका लागि सम्बन्धित विषयमा स्नाकोत्तर हासिल गरेको र संघीय निजामती सेवा, प्रदेश निजामती सेवा, स्थानीय निजामती सेवा वा अन्य कुनै सरकारी सेवा वा अन्तराष्ट्रिय अन्तर सरकारी संस्थाको अधिकृतस्तरको पदमा राजपत्रांकित द्वितिय श्रेणी वा नवौ तह र राजपत्रांकित प्रथम श्रेणी वा अधिकृत नवौ तहको पदको उम्मेदवार हुनका लागि ५ वर्षको अनुभव प्राप्त गरेको व्यक्ति योग्य हुनेछ।
९. दफा १० को उपदफा १६ थप विगत लामो समयदेखि अस्थायी, करारमा काम गरेका कर्मचारीलाई एकपटक उमेरको हद नलाग्ने गरी लोक सेवा आयोगको सिमित प्रतियोगिताद्वारा स्थायी गर्ने र सो प्रक्रियाबाट स्थायी हुन नसकेका कर्मचारीलाई तोकिए बमोजिमको रकम दिएर अवकाश दिने र अव उपरान्त अस्थायी र करारमा कर्मचारी नियुक्ति नगर्ने।
१०. दफा २४ मा
   क. अधिकृत पध्रौं तहका निजामती कर्मचारी – २ वर्ष
   ख. अधिकृत चौधौ तहका निजामती कर्मचारी – ३ वर्ष
   ग. अधिकृत तेह्रौं तहका निजामती कर्मचारी – ४ वर्ष
११. दफा ४२ को उपदफा (६) थप माथी जुनसुकै कुरा लेखिएको भएतापनि १० वर्ष सेवा अवधि भएका र बढुवा हुने पदको लागि चाहिने शैक्षिक योग्यता भएका कर्मचारीलाई एक श्रेणी वढुवा गरी तह मिलान गरिनेछ।
१२. दफा (४२) को उपदफा (१) मा चौथौ तह थप गरी तथ वृद्धि गर्ने।
१३. दफा ८१ को तर खण्डमा राष्ट्रिय श्रोतमा आधारित उत्पादन प्रशोधन र वितरण सम्बन्धि उद्योग स्थापना गर्न सहकारी तथा कम्पनिको सञ्चालक वन्न वाधा पर्ने छैन।
१४. दफा १२० को उपदफा (७) थप २०७६ सालमा लोकसेवा आयोगबाट स्थानीय तहकालागि नियुक्त कर्मचारीलाई दोहोरो सहमतिका आधारमा यो ऐन प्रारम्भ हुनु अघि मन्त्रालयबाट कामकाज गर्न अर्को स्थानीय तहमा खटाईएका कर्मचारीलाई हाल कार्यरत रहेको स्थानीय तहमा पदस्थापन गर्न बाधा पर्ने छैन्।
१५. दफा १२१ को उपदफा (७) थप कर्मचारी समायोजन सम्बन्धि संघीय कानून बमोजिम प्रदेश र स्थानीय तहमा समायोजन भएका र सम्बन्धित प्रदेश कानून बमोजिम नियुक्त कर्मचारीलाई दोहोरो सहमतीका आधारमा अन्तर प्रदेश र अन्तर प्रदेश स्थानीय तहमा सरुवा गर्न सकिनेछ।
१६. दफा १३१ को उपदफा (९) मा थप संघीय कानून बमोजिम दर्ता भएका आधिकारिक र राष्ट्रियस्तरका ट्रेड युनियनहरुले प्रदेश र स्थानीय तहमा समेत आफ्ना गतिविधिहरु गर्नेछन।



आन्दोलनका कार्यक्रमहरू

१. २०८२ जेष्ठ २३ गतेसम्म बिहान १०.३० बजेदेखि १२.०० बजेसम्म संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा धर्ना दिने।
२. २०८२ जेठ २५ गतेदेखि अर्को निर्णय नभएसम्म देश भरिका तीनै तहका सम्पूर्ण कार्यालयमा कालो पट्टि बाँधेर सेवा प्रवाह गर्ने।
३. माग पुरा नभएमा राष्ट्रियस्तरका ट्रेड युनियनको केन्द्रीय निर्देशन समितिको बैठक बसी आन्दोलनका थप सशक्त कार्यक्रम तय गर्ने।

प्रवास प्रसाद साह
वरिष्ठ उपाध्यक्ष
नेपाल निजामती कर्मचारी संगठन

उत्तम कुमार कटुवाल
कार्यवाहक अध्यक्ष
नेपाल निजामती कर्मचारी युनियन

अम्बादत्त भट्ट
अध्यक्ष
नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन

यम बहादुर खत्री
अध्यक्ष
एकीकृत सरकारी कर्मचारी संगठन, नेपाल

विजय कुमार यादव
उपाध्यक्ष
नेपाल मधेशी निजामती कर्मचारी मञ्च

शरण कुमार गुरुङ
अध्यक्ष
स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठन नेपाल

## केन्द्रीय कार्यसमितिको दोस्रो वैठकका निर्णय सार्वजनिकीकरण




नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिको दोश्रो बैठकका निर्णयहरु सार्वजनिक गर्न मिति २०८२ जेठ २२ गते पत्रकार भेटघाट कार्यक्रम सम्पन्न भएको थियो ।

श्रम तथा रो.प्र.वि. दर्ता नं. २१४/२०६४/०६५

"सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं"

# नेपाल निजामती कर्मचारी संगठन

**(Nepal Government Employees' Organization)**

**केन्द्रीय कार्य समिति, बबरमहल, काठमाडौं**

**(पेशागत महासंघ नेपालसँग आवद्ध निजामती कर्मचारीहरुको राष्ट्रिय स्तरको ट्रेड युनियन)**

मितिः २०८२/०२/२२

## प्रेस-विज्ञप्ति

नेपाल निजामती कर्मचारी संगठन आम कर्मचारीहरुका काम, कर्तव्य र दायित्वप्रति बफादार रही पेसागत हकहितको संरक्षण एवं सम्वर्द्धन गर्न निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक, प्रभावकारी एवं गतिशील बनाई नागरिकमैत्री प्रशासन मार्फत सुशासन कायम गर्न, निजामती कर्मचारीहरुमा जनसेवाको भावना विकसित गरी गरिमामय र सम्मानित सेवा स्थापित गराउने उद्देश्यका साथ २०४७ सालमा स्थापित निजामती क्षेत्रको पहिलो राष्ट्रिय स्तरको ट्रेड युनियन हो । संगठनले आफ्ना पेसागत हकहित, अधिकारमा मात्र केन्द्रीत नरही राष्ट्र रुपान्तरणका सवालमा जनचाहना अनुसार निंरकुश शासन प्रणाली विरुद्ध क्रियाशील रही मुलुकमा लोकतन्त्र, गणतन्त्र, संविधान र शान्तिको पक्षमा जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्दै आईरहेको छ ।

संगठनको आन्तरिक जीवनलाई व्यवस्थित गर्ने क्रममा मिति २०८२ जेष्ठ १६-१८ मिनभवन, काठमाडौंमा सम्पन्न केन्द्रीय कार्य समितिको दोस्रो वैठकबाट महासचिव रामचन्द्र अधिकारीद्वारा प्रस्तुत "सांगठनिक प्रतिवेदन" र कोषाध्यक्ष याम कुमारी सापकोटाद्वारा प्रस्तुत "आर्थिक प्रतिवेदन" सुझाव सहित सर्वसम्मत पारित गरिएको छ । केन्द्रीय पदाधिकारी/सदस्यहरु, आयोगका संयोजक तथा सदस्यहरुको लागि केन्द्रीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा सकारात्मक सोच तथा नेतृत्व विकास र सूचना प्रविधि विषयमा प्रशिक्षण प्रदान गरिएको थियो । बैठकले संगठन केन्द्रीय कार्य समितिमा १७ वटा विभागहरुको गठन, १२ औं महाधिवेशनबाट निर्वाचित **केन्द्रीय कार्य समितिका पदाधिकारी/सदस्यहरुको कार्य विभाजन,** एकता एकिकरण र सामूहिक प्रवेशको लागि आव्हान गर्ने लगायत समसामयिक विषयमा गरिएका निर्णय यसै पत्रकार भेटघाट कार्यक्रम मार्फत सार्वजनिक गर्न चाहान्छौं ।

### १.प्रस्तावित संघीय निजामती सेवा विधेयक

तीनै तहमा कार्यरत कर्मचारीहरुलाई मार्गनिर्देशन गर्ने मूल कानूनको रुपमा रहेको संघीय निजामती सेवा ऐन जारी गर्न नेपाल सरकारबाट गरिएको ढिलासुस्तीप्रति ध्यानाकर्षण गराउदै तीनै तहमा कार्यरत कर्मचारीलाई निजामती कर्मचारीको परिभाषामा समावेश गरी कर्मचारी तथा ट्रेड युनियनमैत्री संघीय निजामती सेवा ऐन जारी गर्न विशेष पहल गरिनेछ । हाम्रो माग बमोजिम ऐन जारी नभएमा संगठनको नेतृत्वमा चरणवद्ध आन्दोलनका कार्यक्रम समेत अगाडि बढाउने निर्णय गरिएको छ ।

१. निजामती कर्मचारी भन्नाले संघ, प्रदेश र स्थानीय तहमा कार्यरत सबै कर्मचारीलाई सम्झनु पर्छ भन्ने विषय परिभाषामा समेट्नु पर्ने ।

२. संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध कायम हुने गरी पेसागत हकहित र अधिकारका लागि संगठित हुन कार्यालय प्रमुख बाहेक शाखा अधिकृत वा आठौं तहसम्मका कर्मचारीहरू सदस्य हुन पाँउने गरी सामूहिक सौदावाजी सहितको राष्ट्रियस्तरका ट्रेड युनियन र आधिकारिक ट्रेड युनियनको व्यवस्था हुनु पर्ने ।

३. रा.प.अनं द्धितीय श्रेणी वा सहायक चौथो तहमा पदपूर्ति गर्दा खुला ७० प्रतिशत अन्तरतह २० प्रतिशत र बढुवा १० प्रतिशत, रा.प.तृतीय श्रेणी वा अधिकृत सातौं तहमा पदपूर्ति गर्दा खुला ५० प्रतिशत, बढुवा ४० प्रतिशत र अन्तरतह १० प्रतिशत र रा.प.द्धितीय श्रेणी वा नवौं तहको पदपूर्तिका लागि खुला १० प्रतिशत, अन्तरतहबाट १० प्रतिशत र बढुवाबाट ८०, अधिकृत एघारौं तहको पदमा बढुवाबाट ८५ प्रतिशत र अन्तर तह १५ प्रतिशतले पदपूर्ति गर्ने व्यवस्था हुनु पर्ने । साथै योग्यता पुगेका सहायकस्तरका कर्मचारीहरूलाई पनि रा.प.द्वितीय श्रेणी वा अधिकृत नवौं तहको खुला प्रतियोगितामा उम्मेदवार हुने व्यवस्था गर्नु पर्ने ।

४. कुनै पनि पदमा ५ वर्ष सेवा अवधि भएको कर्मचारीलाई एक तह वृद्धि र १० वर्ष वा सोभन्दा बढी सेवा अवधि भएको कर्मचारीको पछिल्लो ५ वर्षको कार्यसम्पादन मूल्याङ्कनवाट कम्तिमा ९० प्रतिशत अंक प्राप्त गरेका, प्रचलित कानून बमोजिमको योग्यता पुगेका कर्मचारीलाई एक श्रेणी वृद्धि गरी तह मिलान गर्नु पर्ने र प्राविधिक सेवामा कार्यरत कर्मचारीहरुको बढुवाको हकमा सेवा प्रवेश गर्दाको शैक्षिक योग्यता वा सेवा प्रवेशको लागि तोकिएको तालिमलाई आधार मानी बढुवा गर्ने व्यबस्था गर्ने । साथै बढुवाको संभाव्य उम्मेदवार हुन राजपत्राङकित कर्मचारीको हकमा ५ बर्ष र राजपत्र अनंकित कर्मचारीको हकमा ३ वर्ष कायम हुनुपर्ने ।

५. संघीय निजामती सेवा ऐन जारी भएपछि संघीय कानुन बमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरूलाई एक पटकका लागि समयोजनमा छनौटको अवसर प्रदान गर्नु पर्ने ।

६. निजामती कर्मचारीको सरुवा प्रणालीलाई व्यवस्थित गर्न चक्रीय र पूर्वानुमानयोग्य बनाउँदै सम्वन्धित प्रदेश तथा स्थानीय तहहरूको सहमतिको आधारमा अन्तर प्रदेश र अन्तर प्रदेश स्थानीय तह सरुवाको व्यवस्था गर्नु पर्ने ।

७. संघ, प्रदेश तथा स्थानीय तहको जुनसुकै तहमा कार्यरत कर्मचारीले खुला/आन्तरिक प्रतिस्पर्धाबाट अर्को तहमा नियुक्ति भएमा निजको सेवा निरन्तरताका साथै निवृतिभरण पाउने गरी नियुक्त भएको कर्मचारीले प्रदेश र स्थानीय तहमा आन्तरिक तथा खुल्ला परीक्षा उत्तीर्ण गरेमा निवृतिभरण प्राप्त गर्ने प्रावधान कायम गर्नु पर्ने ।

८. अस्थायी करारमा काम गरेका कर्मचारीलाई एकपटक उमेरको हद नलाग्ने गरी सिमित प्रतियोगितावाट लोकसेवा आयोगको प्रक्रियाबाट स्थायी गर्ने र परिक्षामा उत्तीर्ण हुन नसक्ने कर्मचारीलाई स्थायी सरहको उपदान दिएर अवकाश दिने व्यवस्था गर्ने र करारमा नियुक्ति गर्नु परेमा लोकसेवा आयोगको अस्थायी सूचीमा परेका उम्मेदवारबाट अस्थायी नियुक्ति दिने व्यवस्था गर्नु पर्ने ।

९. लोकसेवा आयोगबाट २०७६ सालमा नियुक्त स्थानीय तहमा कार्यरत कर्मचारीहरूको स्थानीय तहको दोहोरो सहमतिका आधारमा कामकाज गर्न खटाइएका कर्मचारीहरूलाई कार्यरत रहेको स्थानीय तहमा पदस्थापन गर्नु पर्ने।

१०. स्वास्थ्य सेवा र संसद सेवालाई निजामती सेवामा समावेश गरी विशिष्टिकृत सेवाको रुपमा विकास गर्नु पर्ने

११. राजपत्राकित विशिष्ठ श्रेणीको पदमा अतिरिक्त सचिवको पद सृजना गर्दा निजामती सेवा ऐन लागु भए पछि नियुक्त हुने अतिरिक्त सचिव सेवा अबधि तोकिनु पर्ने ।

- ❖ संघीय निजामती सेवा ऐन निर्माण गर्दा सम्मानित सर्वोच्च अदालतको मिति २०७८ माघ १२ गतेको निर्देशनात्मक विषयहरुलाई समावेश गर्नु पर्ने ।
- ❖ कर्मचारीसँग सम्बन्धित निकायहरु निजामती विद्यालय व्यवस्थापन समिति, योगदानमा आधारित कर्मचारी कल्याण कोष, निजामती कर्मचारी अस्पताल, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष जस्ता कर्मचारी सरोकारित निकायहरुमा आधिकारिक ट्रेड युनियनको प्रतिनिधित्वको सुनिश्चितता गर्न जोडदार माग गर्ने ।
- ❖ लेखा परिक्षण ऐन २०७५ जारी भइसकेको अवस्थामा लेखा परिक्षण नियमावली तुरुन्त जारी गरिनु पर्ने । बेरुजु सम्परीक्षण तथा फछ्र्यौट सम्बन्धी कार्य सम्बन्धित प्रदेशमा नै हुनेगरि संरचना निर्माण गर्न माग गर्ने ।

## २. संगठन सुदृढीकरण

नेपाल निजामती कर्मचारी संगठनलाई व्यवस्थित र प्रभावकारीरुपमा सञ्चालन गर्न १७ वटा विभागहरु गठन गरी पदाधिकारीहरुलाई जिम्मेवारी प्रदान गरिएको छ । दोस्रो बैठकबाट केन्द्रीय कार्य समितिका सदस्यहरुलाई जिल्ला/विभागीय कार्य समितिको ईन्चार्ज तथा सह-ईन्चार्जको रुपमा जिम्मेवारी प्रदान गर्ने, केन्द्रीय कार्य समितिलाई पूर्णता दिने, सचिवालय विस्तार, राष्ट्रसेवक सहकारी स्थापना गर्न बाँकी जिल्लाहरुमा सहकारी स्थापना गर्ने, सञ्चालनमा रहेका राष्ट्रसेवक सहकारीहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्ने दीर्घकालिन रणनीति तयार गर्न विज्ञहरु रहेको कार्यदल गठन गर्ने, संगठन सुदृढिकरण कार्यदल निर्माण, पालिका अधिवेशन सम्पन्न गर्न बाँकी रहेका पालिकाहरुमा २०८२ मंसिर मसान्त सम्म सम्पन्न गर्ने, सदस्यता वितरण तथा नवीकरणसँग **"कर्मचारी कल्याण कोष"** कार्यक्रमलाई अझ व्यवस्थित बनाई सबै संगठक सदस्यहरुबीच प्रभावकारी रुपमा लागू गर्ने लगायतका निर्णय भएका छन् ।

- ❖ विभिन्न कार्यसमितिहरुको आर्थिक क्रियाकलाप संचालनको लागि स्थायी लेखा नम्बर दर्ता गर्ने, जिल्ला/विभागीय र केन्द्रबाट बाँडफाड हुने बजेट नियमित रुपमा प्रदेश कार्य समितिमा पठाउने व्यवस्था मिलाउने, कार्य समितिको कार्यालय सञ्चालन र आर्थिक क्रियाकलापहरु चेक मार्फत ञ्चालन गर्ने व्यवस्था मिलाउने ।
- ❖ नेगो सुशासन तथा राष्ट्रसेवक सम्मान कार्यक्रम संगठन स्थापना दिवसको अवसरमा गर्ने र संगठन सुदृढीकरण अभियानको रुपमा केन्द्रीय तथा प्रदेशको नेतृत्वले **"संगठक सम्बाद कार्यक्रम"**अभियानको रुपमा संचालन गर्ने ।
- ❖ संगठन तथा राष्ट्रसेवक सहकारीमा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कार्यक्रमसँग अनिवार्य जोडी सामाजिक सुरक्षाको सुनिश्चितता गर्ने ।
- ❖ **"नेगो एप्स"** निर्माण गरी QR कोर्ड मार्फत संगठनको सदस्यता नविकरण, वितरण, संगठनको सूचना तथा आर्थिक कारोवारलाई व्यवस्थित गर्दै एकीकृत सूचना प्रणालीको विकास गर्ने ।

## ३. जनसरोकार तथा सार्वजनिक सेवा प्रवाह

नेपाल निजामती कर्मचारी संगठन सुशासन र पारदर्शिताको पक्षमा रहेको छ । क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाह, नागरिकमैत्री प्रशासन, सेवाग्राहीप्रतिको सम्मान हाम्रा मूल्य मान्यता हुन् । संगठनले सञ्चालन गर्दै आएका महत्वपूर्ण कार्यक्रमहरु विद्यार्थीलाई अभिभावकत्व ग्रहण, स्वास्थ्य शिविर, जनतासँग कर्मचारी संगठन, रक्तदान, वृक्षारोपण, खेलकुद, नेगो सास्कृतिक कार्यक्रम, विपद् व्यवस्थापन जस्ता कार्यहरुलाई अझै प्रभावकारी रुपमा सञ्चालन गर्ने गरिरहेको छ । **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय आकांक्षा पूरा गर्न जनताको तीब्र चाहनाको सम्बोधन हुने गरी संगठन **"शीघ्र सेवा-तीव्र विकास"**को लागि सरकारको महत्वपूर्ण सहयात्री बन्न तत्पर रहेको छ ।

- ❖ प्रत्येक कार्यालयमा पत्रपत्रिका तथा पुस्तकहरु सहितको सेवाग्राही प्रतिक्षालय र सेवा प्रवाह डिजिटल टोकन प्रणालीबाट व्यवस्था गर्न पहल गर्ने ।
- ❖ सेवा प्रवाहस्तरको कार्यालयमा स्थानीय भाषाहरुमा डिजिटल वा श्रव्यदृश्य सहितको नागरिक बडापत्र राख्न पहल गर्ने ।
- ❖ **"नमस्कार सहितको शिष्ट व्यवहार, धन्यवाद सहितको सेवा प्रवाह"** गर्न र लाइनबाट हैन अनलाइनबाट सेवा दिन प्रतिबद्धता जनाउने ।
- ❖ बन पैदावार तथा खेर गइरहेको प्राकृतिक स्रोतलाई राज्यको आयस्रोत बनाउन पहल गर्ने ।

- ❖ विशेषज्ञ सहितको भेटेरिनरी अस्पताल तथा कृषि केन्द्रहरु जिल्लास्तर हुदैं प्रत्येक स्थानिय तहसम्म विशेषज्ञ सेवा विस्तार गर्ने ।
- ❖ प्रदेशमा प्रदेश कार्यसमितिले र जिल्ला/विभागमा सोहि कार्यसमितिले **"नेगो सुशासन अभियान"** संचालन गर्ने ।
- ❖ पूर्णरुपमा अशक्त भएकाहरुका लागि घर घरमानै सेवा प्रदान गर्न आवश्यक पहल गर्ने ।

## ४. कर्मचारी व्यवस्थापन तथा गुनासो व्यवस्थापन सम्बन्धमा

- ❖ साविकको स्थानीय निकाय, दुर्गम क्षेत्र विकास समिति, घरेलु विकास समिति, जिल्ला विकास समिति लगायतका निकायबाट समायोजन भई हाल स्थानीय तहमा कार्यरत कर्मचारीहरुको उपदानको सुनिश्चितताको लागि प्रदेशस्तरमा उक्त कोषको व्यवस्थापन गरेर मात्र कर्मचारीहरुको सरुवा गर्ने व्यवस्था मिलाउन जोडदार माग गर्ने ।
- ❖ माथिल्लो पद नभएका विविध सेवा लगायतका कर्मचारीहरुको निश्चित अवधि पश्चात माथिल्लो पदमा विशेष दरबन्दी सिर्जना गरी बढुवा गर्ने व्यवस्था गर्न माग गर्ने ।
- ❖ समायोजनका क्रममा प्रदेश र स्थानीय तहमा पाएको समायोजन २ ग्रेड निवृत्तिभरण प्रयोजनमा गणना नगर्ने, सरकारी सेवाबाट प्रदेश र स्थानीय तहमा समायोजन भएर सम्बन्धित तहको कानून बमोजिम तहबृद्धि वा बढुवा भएका कर्मचारीको बढुवा भएका पदहरुको कर्मचारी निवृतिभरण संघीय सरकारले उपलब्ध नगराउने राष्ट्रिय किताबखाना निजामतीको निर्णय तत्काल फिर्ता लिई समायोजन ग्रेड निवृतिभरण प्रयोजनमा गणना गर्न र तहबृद्धि वा बढुवा भएका कर्मचारीलाई बढुवा भएको पदको निवृत्तिभरणा संघीय सरकारबाट उपलब्ध गराउन जोडदार माग गर्ने ।

## ५. राष्ट्रसेवकका सेवा सुविधा

- ❖ आ.व. २०८२/०८३ को बजेट वक्तव्यमा घोषणा भएको सुलभ आवास योजना कार्यक्रमलाई स्वागत गर्दै सो कार्यक्रमलाई जिल्लास्तर सम्म विस्तार गर्न माग गर्ने ।
- ❖ प्रदेशस्तरमा निजामती विद्यालय र निजामती अस्पताल स्थापना गर्ने ।
- ❖ हाल निजामती कर्मचारी अस्पतालबाट प्रदान गरीने सेवा, सुविधा प्रदेश र स्थानीय तहमा कार्यरत सम्पूर्ण कर्मचारीलाई समेत उपलब्ध गराउनु पर्ने ।
- ❖ भ्रमण खर्च नियमावलीलाई समयानुकुल संशोधन गर्न पहल गर्ने ।
- ❖ प्रत्येक तीन/तीन वर्षमा हुने तलब भत्ता तथा अन्य सेवा सुविधा पुनरावलोकन गर्ने कानूनी व्यवस्था कार्यन्वयन गर्न ध्यानाकर्षण गराउने ।
- ❖ सार्वजानिक तथा सरकारी निकायमा कार्यरत अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोष कार्यक्रमसँग जोड्ने बजेटको प्रावधानलाई स्वागत गर्दै प्रदेश तथा स्थानिय तहसम्म कार्यान्वयनमा जोड दिने र अस्थायी तथा करारका कर्मचारीलाइ समेत महँगी भत्ता प्रदान गर्न सरकार समक्ष माग पेश गर्ने ।
- ❖ प्रर्णरुपमा अशक्त भई विरामी भएको कर्मचारीलाइ स्याहार गर्नपर्ने व्यक्ति कर्मचारी नै भए मेडिकल बोर्डको सिफारिस बमोजिमको आवश्यक विदाको व्यवस्था गर्नुपर्ने ।
- ❖ कर्मचारीलाइ अभियोजन तथा अनुसन्धानको सन्दर्भमा प्रहरी तथा संचार माध्यमको तर्फबाट गरिने असभ्य व्यवहारलाइ रोक्न नीतिगत व्यवस्था गर्ने।
- ❖ सम्मानित सर्वोच्च अदालतको आदेश बमोजिम विभिन्न सेवाका एकै श्रेणीमा रहेका कर्मचारीहरुको फरक फरक रहेको तवलमानलाई समान हुने गरि कार्यान्वयन गराउने । सो बाहेकको अन्य पद र श्रेणीको समेत समायोजन गरी मिलाउन र तलब सुविधा आयोगको प्रतिवेदन सार्वजनिक गरी तत्काल कार्यान्वयन गर्ने ।
- ❖ संचित घर विदा बापतको रकम बार्षिकरुपमा भुक्तान गर्ने व्यवस्था गर्ने।

## ६. ट्रेड युनियन अधिकार

- ❖ आधिकारिक ट्रेड युनियनको निर्वाचन तत्काल गर्न सरकारसँग जोडदार माग गर्ने ।
- ❖ संघ, प्रदेश र स्थानिय तहमा कार्यरत कर्मचारीहरुको ट्रेड युनियनमा प्रतिनिधित्व गर्न संघीय कानुनमा महासँघीय ढाँचा बमोजिम अन्तर आबद्धता हुने गरी ट्रेड युनियन अधिकार स्थापित गराउने आवश्यक पहल गर्ने ।
- ❖ सहकारी ऐन, २०७४ ले पेसागत सहकारीको परिकल्पना गरेको पेशाकर्मीले सञ्चालन गरेका सहकारीका लागि लगाइएको विशेष प्रकारका बन्देजहरु (कर, दोहोरो सदस्यता, प्रतिनिधित्व) सहकारी मैत्री हुने गरी संशोधन गर्न नेपाल सरकार समक्ष माग गर्ने ।
- ❖ कर्मचारीहरुको अनौपचारिक असंगठित समुह वा अभियानको नामबाट हुने आन्दोलन न्युनिकरण गर्न त्यस्ता समुह तथा अभियानसँग राज्य ले गर्ने वार्ता आधिकारिक तथा राष्ट्रिय स्तरका ट्रेड युनियन मार्फत नै गर्ने व्यवस्था मिलाउने ।
- ❖ सेवा प्रवेश तथा सेवाकालिन तालिम गराउने तालिम केन्द्रहरुका पाठ्यक्रमहरुमा सैद्धान्तिक तथा प्रयोगवादी ट्रेड युनियन तथा सामुहिक सौदावाजीसँग सम्बन्धित पाठ्ययोजना समेट्नु पर्ने ।

## ७. समसामयिक सवाल

- ❖ सहकारी समस्या, दैनिक उपभोग्य खाद्यवस्तु, कपडा र पेट्रोलियम पदार्थ लगायतका उपभोग्य वस्तुमा भएको मूल्यबृद्धि, कृत्रिम अभावको श्रृजना, भ्रष्टाचार, अनियमितता, खाद्यान्न अभाव, प्राकृतिक स्रोत साधनको अतिदोहन, शान्ति सुरक्षाको खस्कदो स्थिति, वातावरणीय विनाश, अराजक गतिविधि गैह्र संवैधानिक गणतन्त्र विरोधी गतिविधि जस्ता जनसरोकारका विषय तथा स्थानीय समस्याका बारेमा बहस, पैरवी गरी नेपाल सरकार र सम्बन्धित पक्षको ध्यानाकर्षण गराउने ।

- पेसागत महासंघ नेपालका प्रमुख घटक नेपाल राष्ट्रिय शिक्षक संगठनले विद्यालय शिक्षा विधेयकको सन्दर्भमा शिक्षक प्रतिनिधिसँग भएको सहमतीलाइ पालना गरी ऐन जारी गर्न माग गर्ने ।
- जुन २ देखि १४ सम्म स्विजरल्याण्डको जेनेभामा ILO को ११३ औ अन्तराष्ट्रिय श्रम सम्मेलनमा नेपालका तर्फका प्रतिनिधि सहभागिता हुने हुँदा हालसम्म नेपालले अनुमोदन नगरेको ILo 87 र ILo 151 अनुमोदन गर्न ध्यानाकर्षण गराउने । अनुमोदन नगरेको देशहरुको ध्यानाकर्षण गराउन TUI PS लाइ अनुरोध गर्ने ।
- ग्रिसमा श्रमिकहरुको देशव्यापी हड्ताल TUIPS साथै WFTU ले सारेको मुद्दाहरु र फ्रान्स बेलारुस बंगलादेश श्रीलंका लगायत देशमा भएका सामाजिक सुरक्षा सामाजिक न्याय कार्यथलो सुरक्षा सेवा सुरक्षाका लागि भएको आन्दोलन र All India State Government Employees Organization, Confideration of Central Government Employees Organization ले धेरै सरकारी पदहरु रिक्त रहेकोमा पदपुर्ती गर्न Outsorcing मार्फत गर्न खोजी श्रमिकको सेवा असुरक्षा भएको विरुद्ध गरेको आन्दोलनहरु प्रति ऐकबद्धता जनाउने ।
- सार्वजानिक क्षेत्रमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुले नेपाल सरकार, संचयकोष, निजामती अस्पताल, बिमा बोर्ड आदिबाट प्राप्त गर्ने अतिरिक्त तथा थप उपचार खर्च, शैक्षिक वृत्ति एउटै कोडबाट पाउने गरी एकिकृत सामाजिक सुरक्षाकोष स्थापनाका लागि कानुनी र नीतिगत व्यवस्थाका लागि आवश्यक पहल गर्ने ।
- बहुबर्षिय आयोजनाको सन्दर्भमा सरकार संरचना फेरबदल संगै आयोजना स्थगित भइ आयोजना होलिडे गर्ने कुरालाइ रोक्न सुझाव दिने ।
- अन्र्तराष्ट्रिय सम्बन्धमा राष्ट्रिय एकता आवश्यकता हुँदा तटस्थ र असंलग्न नितिलाइ अंगिकार गर्दै रुस युक्रेन द्वन्द्व, इजरायल प्यालेस्टाइन द्वन्द्वमा बन्धक भएका नेपालीको रिहाइको पहल गर्न माग गर्ने ।
- आर्थिक रुपमा सक्रिय जनसंख्या देशबाट बाहिरिने क्रमलाई रोक्न स्वदेशमा रोजगारी सिर्जना गर्ने दीर्घकालीन रणनीति तयार गर्न सरकारसँग जोडदार माग गर्ने ।
- वैदेशिक सम्वन्ध विस्तारका माध्यमबाट संगठनको पहिचान अर्न्तर्राष्ट्रिय स्तरमा बढाउन WFTU, NEHAWU, TUI-PS, AISGEF लगायतका अर्न्तर्राष्ट्रिय संघ, संस्थासँग सुमधुर सम्बन्ध कायम राख्न प्रभावकारी ढंगले कुटनैतिक सम्बन्ध विस्तार गर्ने ।
- संघ, प्रदेश र स्थानीय तहको कार्यवोझका आधारमा छरितो कामकाजी संरचना निर्माण तथा कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि निर्माण गरी तत्काल लागू गर्नुपर्ने ।
- तलव भत्ता तथा सेवा सुविधा पुनरावलोकन गरी एकरुपमा काम गर्न सरकारले घोषणा गरी नीतिको रुपमा उठान गरेको विषयको स्वागत गर्दै यस प्रकारका नीतिको कार्यान्वयन गर्नुपर्ने ।

**सञ्चारकर्मी मित्रहरु,**

नेपाल निजामती कर्मचारी संगठनको दोस्रो केन्द्रीय सम्पन्न गर्न सहयोग पुऱ्याउने हुने प्रमुख अतिथि, विशेष अतिथि, अतिथिहरु, संगठनका पदाधिकारी, प्रदेशका ईन्चार्जहरु, आयोगका संयोजकहरु, सचिवालय तथा केन्द्रीय सदस्यहरु, आयोगका सदस्यहरु, प्रदेश कार्य समितिका अध्यक्ष लगायत पत्रकार मित्रहरु साथै आवश्यक व्यवस्थापन कार्यमा खटिने सम्पूर्ण संगठक एवम् कर्मचारी मित्रहरुलाई हार्दिक धन्यवाद सहित आभार दिन चाहान्छौं । संगठनका प्रदेश, जिल्ला/विभागीय कार्य समितिका पदाधिकारी तथा सदस्यहरुबाट सम्पन्न दोस्रो बैठकले पारित गरेका निर्णयहरु आ-आफ्नो तह र तप्कामा सिर्जनात्मक ढंगले कार्यान्वयन गर्नु हुनेछ भन्ने आशा एवं विश्वास लिएका छौं ।

यस बैठकबाट पारित निर्णय तथा विविध प्रस्तावहरुले निजामती क्षेत्रमा निजामती सेवाको श्रीवृद्धिमा महत्वपूर्ण सहयोग पुग्ने छ भन्ने अपेक्षा राख्दै केन्द्रीय कार्य समितिको तर्फबाट सार्वजनिक गरिएका निर्णयहरुलाई प्राथमिकताका साथ प्रशारण, प्रकाशन तथा सम्प्रेषण गरी दिनु हुन आम सञ्चारकर्मी मित्रहरुमा हार्दिक आग्रह र अनुरोध गर्दछौं । धन्यवाद ।

हार्दिक अभिवादन सहित !

रामचन्द्र अधिकारी
महासचिव

मिति : २०८२ जेठ २२ गते, विहिवार,
कार्की बैङक्वेट, थापाथली, काठमाडौं ।

# आ.व. २०८२/०८३ को बजेट सम्बन्धी सुझाव



नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिले बजेटमा कर्मचारीहरुका सवाल र घरजग्गा कर्जा वीमा कार्यक्रम आयोजना गरी उक्त कार्यक्रमबाट प्राप्त भएका सुझावहरु समेत समावेश गरी आ.व. २०८२/०८३ को बजेटमा नेपाल सरकार, अर्थ मन्त्रालयका उपप्रधान तथा अर्थमन्त्री माननीय बिष्णुप्रसाद पौडेललाई मिति २०८२ जेठ ५ गते संगठनका सुझावहरु बुझाईएको थियो ।

श्रम तथा रो.प्र.वि.द.नं. २१४/२०६४/०६५

"सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं ।"

**नेपाल निजामती कर्मचारी संगठन**

**Nepal Government Employees' Organization**

**केन्द्रीय कार्य समिति, बबरमहल, काठमाडौं- २०४७**

(पेसागत महासंघ नेपालसँग आवद्ध निजामती कर्मचारीहरुको राष्ट्रिय स्तरको पहिलो ट्रेड युनियन)

प.सं. : ०८१/०८२
च.नं.: ९

मितिः- २०८२/०२/०५

माननीय विष्णु प्रसाद पौडेलज्यू,
उपप्रधानमन्त्री एवं अर्थमन्त्री,
अर्थ मन्त्रालय,सिंहदरवार,काठमाडौं ।

विषयः वजेट सम्बन्धी सुझाव पेश गरिएको ।

"संघीयतामा सुशासन, सामाजिक सुरक्षा र श्रमको सम्मान-राजनीतिक अधिकार सहितको ट्रेड युनियन अधिकार हाम्रो अभियान" भन्ने मूल नाराका साथ मिति २०८१ माघ ३० फागुन ३ गते सम्म काठमाडौंमा १२ औं महाधिवेशन सम्पन्न गरी संगठनलाई देशव्यापी रुपमा क्रियाशिल बनाउने कार्य गरेको छ । संगठनले सेवाको सुरक्षा एवं विभिन्न पेसागत समस्यालाई उजागर गर्दै आम जनतासामु पुर्याइने सेवा प्रवाहको प्रभावकारिता तथा व्यवस्थित र मर्यादित ट्रेड युनियन अधिकारको पक्षमा विगत ३५ वर्षदेखि निरन्तर आवाज उठाउँदै आईरहेको कुरा सवैमा सर्वविदीतै छ । सेवा प्रवाह चुस्त र दुरुस्त वनाउन कार्यालयहरुमा कार्यरत जनशक्तिको मनोवल उच्च हुन नितान्त आवश्यक हुन्छ ।जनशक्तिको काम गर्ने मनोवललाई उत्प्रेरित वनाउने माध्यम भनेको सामाजिक सुरक्षाको पक्ष मजवुत हुनु नै हो ।आधा पेट खाएर पुर्ण कार्य सम्पादनको अपेक्षा कदापी गर्न सकिदैन । यस कारण निजामती सेवालाई पूर्ण प्रभावकारी बनाउन आम कर्मचारीको मौद्रिक र गैर मौद्रिक दुवै पाटो सवल हुनु उत्तिकै आवश्यक रहेको छ । उच्च मनोवल सहित कार्यक्षेत्रमा खट्न,सदाचार कायम राख्न र भ्रष्टाचार लाई रोक्न राष्ट्र सेवकहरुले पाउने मौद्रिक सुविधालाई समय सापेक्ष वनाउन अत्यावश्यक छ । यसर्थ आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटमा नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्यसमितिबाट २०८२ जेठ २ गते नेपाल सरकारका संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका माननीय मन्त्री र सचिवज्यूको उपस्थितीमा "आगामी वजेटमा कर्मचारीहरुका सवाल तथा घरजग्गा विमा कार्यक्रम" विषयमा छलफल गरि उक्त छलफल कार्यक्रमबाट प्राप्त सुझावहरु समेतका आधारमा तपसिलका विषयहरु आगामी वजेटमा समावेश हुनेछन् भन्ने आशा एवं विश्वास लिएका छौं ।

**मौद्रिक पक्ष**

१. वर्तमान वजारमूल्य र आवश्यक पर्ने क्यालोरीलाई आधार मान्दा निजामती कर्मचारीको आधारभुत तलवमान ३८८६२.१९ कायम गर्नु पर्ने ।

२. हाल कार्यालय सहयोगी र मुख्य सचिव विचको तलव अनुपात १ अनुपात ३.०४ रहेको छ ।यस्तो अनुपातलाई देशको आर्थिकका आधारमा क्रमश विस्तार गर्दै पहिलो चरणमा १ अनुपात ३.५, दोस्रो चरणमा १ अनुपात ४ र तेस्रो चरणमा १ अनुपात ५ को अनुपातमा पुर्याउनु पर्ने ।

३. कार्यक्षेत्रमा आफ्नो र आफ्नो परिवारको नाममा घर नहुने कर्मचारीलाई शुरु तलव स्केलको काठमाण्डौ उपत्यका भित्र ९ प्रतिशत, उपत्यका बाहिरका महानगरपालिका र उप-महानगरपालिका भित्र कार्यक्षेत्र हुने कर्मचारीलाई ६.७५ प्रतिशत र अन्य क्षेत्रमा काम गर्ने कर्मचारीलाई ४.५ प्रतिशत रकम घरबहाल बापत उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने ।

४. कर्मचारी र कर्मचारीका परिवारका सदस्यलाई साधारण उपचार गर्नु पर्दाको अवस्थामा प्रतिब्यक्ति वार्षिक रु २ लाख वा वास्तविक उपचार खर्चमा जुन घटी हुन्छ सोहि वरावरको रकम र कडा रोगको उपचार गर्नु पर्दा ३० लाख वा वास्तविक उपचार खर्च मध्ये जुन घटी हुन्छ सोहि बरावरको रकम सिधै अस्पताललाई भुक्तानी हुने गरि उपचार खर्च उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने ।

Scanned with CamScanner

शहीद मनोज-झपेन्द्र स्मृति केन्द्रीय भवन, बबरमहल, काठमाडौं, नेपाल, फोन नं.: ०१-४२५६८९८, ४२५६९८५
वेभसाईट : www.negeo.org.np र इमेल : negeocc078@gmail.com

५. उपचार खर्च सुविधा वापत मासिक रुपमा सम्बन्धित कर्मचारीवाट रु. ५०० र सोहि वरावरको रकम सरकारवाट थप गरि रु. १००० कर्मचारी सञ्चय कोषमा जम्मा गर्ने व्यवस्था मिलाउने ।

६. रासन नपाउने कर्मचारीलाई हाजिर भएर कार्यालयमा काम गरेको दिनको दैनिक रु.१०० का दरले खाजा भत्ता उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने ।

७. सार्वजनिक पद धारणा गरेका ब्यक्तिका सन्ततिलाई सरकारी विद्यालयमा पढाउन प्रोत्साहन गर्ने र त्यस्ता सन्ततिलाई मासिक रु.१००० का दरले शैक्षिक प्रोत्साहन भत्ता उपलब्ध गराउनु पर्ने ।

८. सञ्चार खर्चलाई मितव्ययी गर्न नेपाल टेलिकमले उपलब्ध गराउने Corporate User Group को प्याकेज खरिद गर्ने र त्यस्तो सुविधाको लागि मासिक रु. ५०० सञ्चार खर्च वापत उपलब्ध गराउने व्यवस्थागर्नुपर्ने

९. सवारी साधन सुविधा नपाउने तथा एकिकृत परिवहन सुविधा नलिने कर्मचारीलाई मासिक रु.२००० यातायात खर्च वापत उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने।

१०. निजामती सेवा ऐन, २०४९ को दफा ७३ (ख) मा व्यवस्था भएको कर्मचारीका लागि योगदानमा आधारित कल्याण कोष संचालन गर्ने र उक्त कोषमा मासिक रुपमा सम्बन्धित कर्मचारी वाट रु १०० र सोहि बरावरको रकम सरकारले थप गरि कर्मचारी हित प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्नुपर्ने।

११. निजामती कर्मचारीहरुको पोशाक भत्ता बृद्धि गरी रु १५००० पुर्याउदै राष्ट्रसेवक कर्मचारीहरुले लगाउने पोशाक अनिवार्य रुपमा नेपाली उद्योगवाट उत्पादित कपडाको प्रयोग गर्ने व्यवस्था गर्नुपर्ने ।

१२. निजामती कर्मचारीहरुको घरविदा १८० दिन भन्दा बढी सञ्चित भएमा सञ्चित घरविदा वापतको रकम वार्षिक रुपमा भुक्तानी गर्नुपर्ने ।

## गैह्र मौद्रिक पक्ष

१. एकिकृत परिवहन सेवालाई थप ब्यबस्थित गर्न एउटै निकायवाट उक्त सेवा सञ्चालन गर्नु पर्ने र सो सुविधा क्रमश प्रदेश राजधानीमा पनि विस्तार गर्ने व्यवस्था गर्नुपर्ने ।

२. सरकारी कार्यालयमा नयाँ सवारी साधन सकभर खरिद नगर्ने र खरिद गर्नु पर्दा विद्युतिय सवारी साधन खरिद गर्ने व्यवस्था मिलाउनु पर्ने ।

३. सवारी साधन प्रत्येक १० बर्षमा विस्थापित गरी नयाँ सवारी साधन दिने व्यवस्था गर्ने ।सवारी साधन पाँउने कर्मचारी अवकास हुँदा सवारी साधनको ह्रासकट्टी पछिको मूल्य वा खरिद मुल्यको वीस प्रतिशत जुन बढी हुन्छ सो रकम बुझाई सम्वन्धित कर्मचारीले सो सवारी साधन लिन पाँउने व्यवस्था गर्नुपर्ने ।

४. नेपाल सरकारले गठन गरेको खर्च पूनरावलोकन आयोग २०७५ को सिफारिस बमोजिमका विकास समिति, प्रतिष्ठान जस्ता संस्थाहरु क्रमश खारेज गर्दै जानु पर्ने।

५. कर्मचारी सञ्चय कोष तथा नागरिक लगानीकोष जस्ता निकायवाट रु १ करोड सम्मको विमा शुल्क सम्वन्धित कर्मचारीवाट व्यहोर्ने गरि प्रिमियममा आधारित घरजग्गा खरिद तथा आवास निर्माण र सोहि बमोजिम सवारी साधन खरिदको लागि सवारी कर्जा उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने।

६. सुरक्षा निकायका कर्मचारी र निजामती कर्मचारीहरु वीचमा न्यूनतम आधारभुत तलवमान समान पदका लागि समान रुपमा निर्धारण गर्नुपर्ने।

७. राष्ट्रसेवक कर्मचारीहरुलाई हाल तोकिएको ग्रेडको सिमा विस्तारै हटाउने र ग्रेड रकम शुरु तलव स्केलको ५ प्रतिशत हुने गरि कायम गर्ने ।

८. हाल पेन्सन पाईरहेका कर्मचारीको लागि छुट्टै पेन्सन कोषको व्यवस्था गरि सोहि कोषवाट आर्जित रकमवाट निबृतिभरण लगायत अन्य सुविधाहरु भुक्तानी गर्ने व्यवस्था गर्नुपर्ने ।

९. कर्मचारी संचयकोष, नागरिक लगानी कोषवाट कर्मचारीको आवास निर्माणको लागि हाल प्रदान गर्दै आएको कर्जाको आकारलाई वढाई सहुलियत पूर्ण ब्याजदरमा कर्जा प्रदान गर्नु पर्ने ।

CS Scanned with CamScanner

१०. निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियनको निर्वाचन यथाशिघ्र गर्ने व्यवस्थाका लागि आवश्यक वजेट विनियोजन गर्नुपर्ने ।

११. रेमिटेन्सको कारोवारलाई हुलाक मार्फत गर्न लगाई रेमिटेन्सलाई सरकारी प्रणालीमा ल्याउनु पर्ने ।

१२. सरकारी गोष्ठी, सेमीनार तथा बैठकहरु सम्पन्न गर्दा मितव्यीता अपनाउनु पर्ने ।

१३. कर्मचारीलाई कार्यालय समयमा व्यबसायिक संघ/संस्था, गैह् सरकारी संस्था, दातृ निकायका गोष्ठी/सेमिनार लगायतका अन्य अनौपचारिक समारोहमा जान रोक लगाउनु पर्ने ।

१४. निवृतिभरणमा पर्ने ठूलो चापलाई कम गर्नको लागि कर्मचारीको अवकासको उमेर क्रमश वढाउदै जानुपर्ने।

१५. निजामती अस्पतालको सफल अभ्यासलाई अनुशरण गर्दै यस किसिमको सेवा सुविधा तीनै तहमा कार्यरत कर्मचारीहरुलाई उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने।

१६. प्रदेश र जिल्लास्तरमा रहेको सरकारी अस्पतालहरु संग समन्वय गरि निजामती अस्पतालको सुविधा सोहि क्षेत्रवाट प्रदान गर्ने व्यवस्था गर्नुपर्ने ।

१७. कर्मचारीका लागि तालिम छात्रवृति, अध्ययन, अवलोकन भ्रमणमा लक्षित बर्गका कर्मचारीलाई प्राथमिकता दिनु पर्ने ।

१८. सरकारद्धारा अगाडि वढाएको कालिकोट जिल्लामा निर्माणाधीन फुकोर्ट कर्णाली जलविद्युत आयोजनालाई राष्ट्रसेवक हाइड्रो नामाकरण गरि सबै राष्ट्रसेवकहरुको शेयर लगानीमा सञ्चालन गर्नुपर्ने ।

१९. न्यायपालिकाको आर्थिक स्वतन्त्रताका लागि न्यायिक कोष ऐन २०४३ लाई कार्यान्वयनमा ल्याउनु पर्ने।

२०. अति कार्यवोझ भएका कार्यालयहरुको वर्गीकरण गरी त्यस्ता कार्यालयहरुवाट प्रदान गरिने सेवा सुविधालाई सिफ्टमा सञ्चालन गरिनु पर्ने ।

२१. जोखिमयुक्त काममा खटिएका सबै कर्मचारीहरुलाई जोखिम भत्ता र फिल्डमा काम गर्ने कर्मचारीलाई फिल्ड भत्ता उपलब्ध गराउनु पर्ने

२२. निजामती सेवा पुरस्कारको राशिलाई समयानुकुल बृद्धि गर्दै जानु पर्ने ।

२३. निजामती सेवा नियमावलीमा भएको कार्यसम्पादन प्रोत्साहन कोषलाई कार्यान्वयनमा ल्याउनु पर्ने ।

२४. हुलाक सेवाको पुनःसंरचना गरि E-Commerce, द्रुत डाँक र हुलाक वचत बैक पुन संचालन गर्नुपर्ने ।

२५. नेपाल सरकारले अस्थायी, करार र ज्यालादारीमा कर्मचारी भर्ना गर्दा सरकारद्धारा तोकिएको न्यूनतम पारिश्रामिक उपलब्ध गराउनु पर्ने ।

२६. हाल संचालनमा रहेका निजामती विद्यालयको क्षमता विस्तार गर्दै यस्ता विद्यालयहरु अन्य प्रदेश स्तरमा स्थापना गर्नुपर्ने ।

रामचन्द्र अधिकारी
महासचिव

भवानी न्यौपाने दाहाल
अध्यक्ष

वोधार्थ-

१) श्रीमान् मुख्य सचिवज्यू, संयोजक तलव भत्ता पुनरावलोकन समिति, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिहदरवार ।

२) श्रीमान् सचिवज्यू, अर्थ मन्त्रालय, सिहदरवार ।

३) श्रीमान् सचिवज्यू, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिहदरवार ।

४) श्री पेसागत महासंघ नेपाल, राष्ट्रिय समिति, काठमाडौं ।

Scanned with CamScanner

# नेपाल निजामती कर्मचारी संगठनको दोस्रो बैठकका निर्णय कार्यान्वयनको सम्बन्धमा सबै केन्द्रीय पदाधिकारी, सदस्य, प्रदेश कार्यसमिति, जिल्ला/विभागीय कार्यसमितिलाई गरिएको सर्कुलर

मिति : २०८२/०२/२९

प.सं. २०८०/०८१

च.नं. ८७

**सबै केन्द्रीय पदाधिकारी, सदस्य, आयोगका पदाधिकारी सदस्यज्यूहरु,**

**नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समिति,**

**बबरमहल, काठमाडौं ।**

विषयः **निर्णय कार्यान्वयन बारे ।**

उपरोक्त सम्बन्धमा नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्य समितिको मिति २०८२ जेष्ठ १६ देखी १८ गते काठमाण्डौमा सम्पन्न भएको दोस्रो केन्द्रीय कार्य समितिको बैठकले गरेका निर्णयहरु यसै साथ संलग्न गरी पठाइएको छ । साथै बैठकका समसामयिक निर्णयहरुको अतिक्ति देहायका बमोजिम गर्नु गराउनु हुन समेत अनुरोध छ

१) आफ्नो इन्चार्जसिप रहेको जिल्ला विभागीय कार्य समितिमा भएका गतिविधीहरुको प्रतिवेदन मासिक रुपमा हरेक महिनाको ३ गते भित्र केन्द्रीय कार्य समितिमा पठाउने ब्यबस्था मिलाउनु हुन ।

२) जिल्ला/विभागीय कार्य समितिको अनुगमन मूल्याङकन गरी संगठनका गतिविधिलाई व्यवस्थित गर्ने ।

३) आफु कार्यरत जिल्लाको राष्ट्रसेवक सहकारी सञ्चालनको अवस्था र सुधार गर्नुपर्ने विषयका सम्बन्धमा रिपोटिङ गर्ने, सहकारी दर्ता नभएका जिल्लाहरुमा सहकारी संस्था दर्ताको लागि पहल गर्ने ।

४) बाँकी बक्यौता भएमा २०८२ असार मसान्त सम्ममा फरफारक गर्ने/गराउने व्यबस्था गर्नु हुन ।

५) अधिवेशन हुन बाँकी भएका पालिकाहरुको अधिवेशन गराउन आवश्यक पहल गर्ने ।

६) आफ्नो इन्चार्जसिप भएको जिल्लामा २०८२ असार १५ गतेभित्र संगठनका जिल्ला÷विभागीय कार्य समितिको बैठक राख्न लगाई सो को विवरण केन्द्रीय कार्य समितिमा पठाउने ब्यबस्था गर्नुहुन ।

७) केन्द्रीय पदाधिकारीले २ ठेली र केन्द्रीय सचिवालय तथा केन्द्रीय सदस्यहरुले १ ठेली अनिवार्यरुपमा उपहार रसिद विक्री गर्नु पर्ने ।

रामचन्द्र अधिकारी

महासचिव

मिति : २०८२/०२/२९

प.सं. २०८१/०८२
च.नं. ८७

**श्री अध्यक्षज्यू,**
**नेपाल निजामती कर्मचारी संगठन,**
**प्रदेश कार्य समिति सबै ।**

**विषयः निर्णय कार्यान्वयन बारे ।**

उपरोक्त सम्बन्धमा नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्य समितिको मिति २०८२ जेष्ठ १६ देखी १८ सम्म काठमाण्डौमा सम्पन्न भएको दोस्रो बैठकका निर्णयहरु यसै साथ संलग्न गरी पठाइएको छ । संगठन केन्द्रीय कार्य समितिका निर्णय कार्यान्वयनको साथै देहाय निर्देशनहरुको पालना हुँन अनुरोध छ ।

१) प्रदेश भित्र भएका गतिविधिहरुको प्रतिवेदन हरेक महिनाको ३ गते भित्र केन्द्रीय कार्य समितिमा पठाउने व्यवस्था गर्नु हुन ।
२) प्रदेश भित्रका जिल्ला/विभागीय कार्य समितिहरुमा सदस्यताको विवरण अध्यावधिक गरी केन्द्रीय कार्य समितिमा जानकारी गराउनु हुन ।
३) प्रदेश भित्रका जिल्लाहरुमा संचालित राष्ट्रसेवक सहकारी संस्थाहरु व्यवस्थित रुपमा सञ्चालन गर्न समन्वय गर्ने, अवस्थाको बारेमा जानकारी गराउने, सहकारी दर्ता नभएका जिल्लामा दर्ता अभियानका लागि आवश्यक पहल प्रयत्न गर्नु हुन ।
४) प्रदेशका नियमित बैठकका निर्णय तथा अन्य गतिविधिहरु अनिवार्य रुपमा केन्द्रीय कार्य समितिमा पठाउनु हुन ।
५) प्रदेश भित्रको बक्यौता शुन्य बनाउन विशेष पहल गर्नु हुन ।
६) केन्द्रको वार्षिक कार्ययोजनासँग तालमेल मिल्ने गरी कार्य योजना बनाई कार्यक्रमहरु सञ्चालन गर्नु हुन ।
७) महत्वपूर्ण कार्यक्रम आयोजना गर्दा केन्द्रीय कार्य समिति सँग समन्वय गर्नु हुन ।

रामचन्द्र अधिकारी
महासचिव

मिति : २०८२/०२/२९

प.सं. २०८१/०८२
च.नं. ८७

**श्री अध्यक्षज्यू,**
**नेपाल निजामती कर्मचारी संगठन**
**जिल्ला/विभागीय कार्य समिति, सबै** ।

**विषयः निर्णय कार्यान्वयन बारे ।**

उपरोक्त सम्बन्धमा नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्य समितिको मिति २०८२ जेष्ठ १६ देखी १८ सम्म काठमाण्डौमा सम्पन्न भएको दोस्रो बैठकका निर्णयहरु यसै साथ संलग्न गरी पठाइएको छ ।संगठन केन्द्रीय कार्य समितिका निर्णय कार्यान्वयनको साथै देहाय निर्देशनहरुको पालना हुँन अनुरोध छ ।

१) जिल्ला/ विभागमा भएका गतिविधिहरुको प्रतिवेदन मासिक रुपमा हरेक महिनाको ३ गते भित्र प्रदेश र केन्द्रीय कार्य समितिमा पठाउने व्यवस्था गर्नु हुन ।
२) केन्द्रीय कार्य समितिको वार्षिक कार्ययोजना सँग तालमेल हुने गरी वार्षिक कार्य योजना तयार गरी कार्यान्वयन गर्नु हुन ।
३) जिल्ला/विभागको सदस्यताको अध्यावधिक विवरण नियमित जानकारी गराउने ।
४) ट्रेड युनियनको सदस्य हुन पाँउने सदस्य संख्या एकिन गरी हाम्रो संगठनको सदस्यता विस्तार गरी सोको मासिक विवरण उपलब्ध गराउने ।
५) राष्ट्रसेवक सहकारी संस्था लि.को अवस्था र मासिक विवरण नियमित रुपमा केन्द्रीय कार्य समितिमा पठाउने व्यवस्था गर्नु हुन ।
६) बाँकी बक्यौता भएमा २०८२ असोज मसान्त सम्ममा फरफारक गर्ने व्यबस्था गर्नु हुन ।
७) अधिवेशन हुन बाँकी पालिकाहरुको अधिवेशन सम्पन्न गर्ने व्यबस्था मिलाउनु हुन ।
८) महत्वपूर्ण कार्यक्रम आयोजना गर्दा केन्द्रीय कार्य समितिसँग समन्वय गर्ने ।

रामचन्द्र अधिकारी
महासचिव

मिति : २०८२/०२/२९

प.सं. २०८१/०८२
च.नं. ८७

विषय :- **दोस्रो बैठकको निर्णय पठाईएको ।**

नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिको बाहौं महाधिवेशन (२०८१ माघ ३० देखि फागुन४ काठमाडौं) पश्चातको **"दोस्रो केन्द्रीय बैठक"** अध्यक्ष भवानी न्यौपाने दाहालको अध्यक्षतामा मिति २०८२ जेष्ठ १६ देखि १८ गते काठमाडौंमा सम्पन्न भएको छ । उक्त बैठकले गरेका निर्णयहरु सिर्जनात्मक तथा रचनात्मक ढंगले कार्यान्वयन गर्न, गराउन हुन आवश्यक जानकारीका लागि पठाइएको व्यहोरा अनुरोध छ ।

**निर्णयहरु :**

१. संगठनका महासचिव रामचन्द्र अधिकारीबाट प्रस्तुत"सांगठनिक प्रतिवेदन" जिम्मेवारी बाँडफाँड, वार्षिक कार्ययोजना र कोषाध्यक्ष याम कुमारी सापकोटाबाट प्रस्तुत "आर्थिक प्रतिवेदन" मा प्राप्त राय सुझाव समावेश गरी पारित गरिएको छ।

२. संगठनले एकता, एकिकरण र सामूहिक प्रवेशको कार्यक्रमलाई उच्च प्राथमिकताका साथ अगाडि वढाउने, अन्य ट्रेड युनियनहरुबाट आउने पदाधिकारी, सदस्यहरुलाई निजको योग्यता, क्षमता, क्रियाशिलता र ज्येष्ठताका आधारमा उपयुक्त जिम्मेवारी प्रदान गरीनेछ ।

३. नेपाल निजामती कर्मचारी संगठनको विधान, २०६४ (बाहौं संशोधन २०८१) बमोजिम १७ जना र केन्द्रीय सदस्य अनुप ढकाल र सुरेन्द्र वहादुर शाही नेपाल सरकारको उपसचिव पदमा बढुवा भई रिक्त २ एकता एकिकरणको माध्यमबाट २ जना र रिक्त रहेको परराष्ट्र सेवाको १ गरी कूल २३ केन्द्रीय सदस्य पदमा तपसिल बमोजिम मनोनयन गर्ने निर्णय गरियो ।

तपसील

१. काशीराज पराजुली
२. मोहनलाल मेहता
३. हिरालाल यादव
४. दिपक कुमार खड्का
५. दिपक कुमार श्रेष्ठ
६. शिव बहादुर बस्नेत
७. सरस्वती धिमाल
८. नरेन्द्र बहादुर शाह
९. ईन्द्रकला सुवेदी
१०. कल्पना कुंवर
११. राम प्रसाद उपाध्याय
१२. रामहरि खड्का
१३. हरि प्रसाद पौडेल
१४. जय बहादुर विसी
१५. सावित्रा भण्डारी
१६. लेख बहादुर बस्नेत
१७. पुष्पा कुमारी अवस्थी
१८. केशवराज भट्टराई
१९. रमेश गैह्रे
२०. शान्ती विष्ट
२१. कल्पना नेपाल
२२. शान्ता ओझा
२३. गोमा पौडेल

४. नेपाल निजामती कर्मचारी संगठनको विधान, २०६४ (बाहौं संशोधन २०८१) बमोजिम देहायका केन्द्रीय कार्य समितिका सदस्यहरुलाई संगठनको केन्द्रीय सचिवालयमा मनोनयन गर्ने निर्णय गरियो ।

१. गंगाराम नेपाल
२. केशवराज जोशी
३. भवानी हुँमागाई
४. लक्ष्मी कुमारी भुसाल
५. शान्ती विष्ट
६. सुनिल लम्साल
७. गोविन्दराज शिवाकोटी
८. बद्री कोईराला
९. नरदेव लम्साल
१०. दिनेश लम्साल
११. सुशिला कुमारी शाह
१२. टिका कुमारी के सी
१३. राजेश कुमार शर्मा
१४. रेणुका सुवेदी
१५. ईश्वर ओझा
१६. राजेन्द्र कुरुम्वाङ
१७. तारा प्रसाद निरौला
१८. प्रताव चन्द
१९. लोकेन्द्र बहादुर बम
२०. भीमा सुवेदी
२१. प्रकाश अधिकारी
२२. राममणी ढुङगाना
२३. प्रकाश शर्मा
२४. उमेश पराजुली
२५. डम्वर बहादुर विष्ट
२६. विज्ञान लुईटेल
२७. मेघराज भट्टराई
२८. हेमन्त चुनारा

५. नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिको दोस्रो बैठक **२०८२ जेष्ठ १६ देखि १८, काठमाडौंबाट** नेपाल निजामती कर्मचारी संगठनका पदाधिकारीहरुलाई देहाय बमोजिम कार्यविभाजन गरी विभाग प्रमुखको जिम्मेवारी प्रदान गरियो ।

| सि.नं. | पद | नाम, थर | जिम्मेवारी |
|---|---|---|---|
| १ | अध्यक्ष | भवानी न्यौपाने दाहाल | समग्र विभागको अनुगमन |
| २ | वरिष्ठ उपाध्यक्ष | रेवन्त गौतम | प्रमुख, प्रशिक्षण विभाग |
| ३ | वरिष्ठ उपाध्यक्ष | प्रभास प्रसाद साह | प्रमुख, गुनासो व्यवस्थापन विभाग |
| ४ | उपाध्यक्ष | विष्णु प्रसाद अर्याल | प्रमुख, सहकारी विभाग |
| ५ | उपाध्यक्ष | युवाचन्द्र घिमिरे | प्रमुख, संघ, प्रदेश र स्थानीय तह र समावेशी समन्वय विभाग |
| ६ | उपाध्यक्ष | विजया लक्ष्मी सुवेदी | प्रमुख, महिला विभाग |
| ७ | उपाध्यक्ष | कृष्ण बहादुर के.सी. | प्रमुख, पुस्तकालय तथा प्रकाशन विभाग |
| ८ | महासचिव | रामचन्द्र अधिकारी | प्रमुख, विदेश विभाग |
| ९ | उपमहासचिव | वामदेव ओली | प्रमुख, संगठन विभाग |
| १० | उपमहासचिव | सुर्य बहादुर कुंवर | प्रमुख, सामाजिक सेवा विभाग |
| ११ | उपमहासचिव | कमला दाहाल | प्रमुख, अतिरिक्त क्रियाकलाप विभाग |
| १२ | कार्यालय सचिव | पदम बहादुर शाही | प्रमुख, कार्यालय व्यवस्थापन तथा जनसम्पर्क विभाग |
| १३ | सचिव | तेज प्रकाश भण्डारी | प्रमुख, प्रचार प्रसार तथा सुचना प्रविधि विभाग |
| १४ | सचिव | राज बहादुर पछाई | प्रमुख, विपद ब्यबस्थापन तथा स्वयम सेवक विभाग |
| १५ | सचिव | ओम बहादुर कठायत | प्रमुख, कानुन तथा नीति अनुसन्धान विभाग |
| १६ | सचिव | देवी कुमारी पराजुली | प्रमुख, सेवा समन्वय विभाग |
| १७ | सचिव | गोविन्द अधिकारी | प्रमुख, युवा तथा खेलकुद विभाग |
| १८ | कोषाध्यक्ष | याम कुमारी सापकोटा | प्रमुख, आर्थिक ब्यबस्थापन विभाग |
| १९ | सहकोषाध्यक्ष | दिपक शर्मा पौडेल | उप-प्रमुख, आर्थिक व्यवस्थापन विभाग |

६. नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिका सचिवालय सदस्य तथा केन्द्रीय सदस्य र आयोगका सदस्यहरुलाई तपसिलका जिल्ला/विभागीय कार्य समितिको इन्चार्ज र सह-ईञ्चार्जको जिम्मेवारी प्रदान गरियो ।

| कोशी | | | |
|---|---|---|---|
| १ | सचिवालय सदस्य | प्रकाश अधिकारी | ईञ्चार्ज, ताप्लेजुङ / पाँचथर |
| २ | केन्द्रीय सदस्य | वशिष्ट अधिकारी | ईञ्चार्ज, झापा |
| ३ | केन्द्रीय सदस्य | छवीलाल ढकाल | ईञ्चार्ज, ईलाम |
| ४ | केन्द्रीय सदस्य | व्यन्जना गुरुङ | ईञ्चार्ज, संखुवासभा |
| ५ | केन्द्रीय सदस्य | टिका पराजुली | ईञ्चार्ज, भोजपुर |
| ६ | केन्द्रीय सदस्य | रामकृष्ण सुवेदी | ईञ्चार्ज, धनकुटा |
| ७ | केन्द्रीय सदस्य | सुजन घिमिरे | ईञ्चार्ज, ओखलढुगां |
| ८ | केन्द्रीय सदस्य | रेखा राई | ईञ्चार्ज, खोटाङ |
| ९ | केन्द्रीय सदस्य | महेश फुयाल | ईञ्चार्ज, उदयपुर |
| १० | केन्द्रीय सदस्य | कमला निरौला | सह-ईञ्चार्ज, उदयपुर |
| ११ | केन्द्रीय सदस्य | राम निरौला | ईञ्चार्ज, सुनसरी |
| १२ | केन्द्रीय सदस्य | काशीराज पराजुली | ईञ्चार्ज, मोरङ |
| १३ | केन्द्रीय सदस्य | मोहनलाल मेहता | सह ईञ्चार्ज, मोरङ |
| १४ | विज्ञान तथा प्रविधि आयोग सदस्य | चेतनाथ पराजुली | सह-ईञ्चार्ज, संखुवासभा |
| १५ | विज्ञान तथा प्रविधि आयोग सदस्य | कमल प्रसाद देवकोटा | सह-ईञ्चार्ज, मोरङ |
| १६ | केन्द्रीय अनुशासन आयोग सदस्य | हरि प्रसाद आचार्य | ईञ्चार्ज, सोलुखुम्वु |
| १७ | विज्ञान तथा प्रविधि आयोग सदस्य | शशि रेग्मी | ईञ्चार्ज, तेह्रथुम |

| मधेश | | | |
|---|---|---|---|
| १ | सचिवालय सदस्य | राजेश कुमार शर्मा | ईञ्चार्ज, महोत्तरी |
| २ | केन्द्रीय सदस्य | दिलिप कुमार साह | ईञ्चार्ज, धनुषा |
| ३ | केन्द्रीय सदस्य | निलम यादव | सह ईञ्चार्ज, धनुषा |
| ४ | केन्द्रीय सदस्य | आशा ढुगांना | ईञ्चार्ज, सर्लाही |
| ५ | केन्द्रीय सदस्य | शिवध्यान राय | ईञ्चार्ज, रौतहट |
| ६ | केन्द्रीय सदस्य | तुलिचन ठकुरी | ईञ्चार्ज, वारा |
| ७ | केन्द्रीय सदस्य | प्रेम कुमारी पौडेल | सह ईञ्चार्ज, रौतहट |
| ८ | केन्द्रीय सदस्य | रन्जिता साह | सह ईञ्चार्ज, वारा |
| ९ | केन्द्रीय सदस्य | सोनी कुमारी सिंह | ईञ्चार्ज, पर्सा |
| १० | केन्द्रीय सदस्य | कमलेश कुमार सहनी | सह- ईञ्चार्ज, पर्सा |
| १२ | केन्द्रीय सदस्य | हिरालाल यादव | ईञ्चार्ज, ससरी |
| १३ | केन्द्रीय सदस्य | पुष्पराज तिमिल्सीना | ईञ्चार्ज, सिराहा |

| वागमती | | | |
|---|---|---|---|
| १ | सचिवालय सदस्य | भवानी सापकोटा | ईञ्चार्ज, काभ्रेपलान्चोक |
| २ | सचिवालय सदस्य | गोविन्दराज शिवाकोटी | ईञ्चार्ज, दोलखा |
| ३ | सचिवालय सदस्य | लक्ष्मी भुसाल | ईञ्चार्ज, काठमाण्डौ |
| ४ | सचिवालय सदस्य | तारा प्रसाद निरौला | ईञ्चार्ज, नुवाकोट |
| ५ | सचिवालय सदस्य | टिका के सी | ईञ्चार्ज, ललितपुर |
| ६ | सचिवालय सदस्य | मेघराज भट्टराई | ईञ्चार्ज, सिन्धुपाल्चोक |
| ७ | केन्द्रीय सदस्य | होम बहादुर खड्का | ईञ्चार्ज, रामेछाप |
| ८ | केन्द्रीय सदस्य | दिपक कुमार श्रेष्ठ | सह- ईञ्चार्ज, रामेछाप |
| ९ | केन्द्रीय सदस्य | चुडामणी पराजुली | सह- ईञ्चार्ज, काठमाण्डौ |
| १० | केन्द्रीय सदस्य | सन्तोष पौडेल | सह-ईञ्चार्ज, काठमाण्डौ |
| ११ | केन्द्रीय सदस्य | सुमन कुंवर | ईञ्चार्ज, धादिङ |
| १२ | केन्द्रीय सदस्य | गोपाल प्रसाद सापकोटा | सह-ईञ्चार्ज, ललितपुर |
| १३ | केन्द्रीय सदस्य | लक्ष्मी खनाल | सह-ईन्जार्ज ललितपुर |
| १४ | केन्द्रीय सदस्य | सरस्वती घिमाल | ईञ्चार्ज, मकवानपुर |
| १५ | केन्द्रीय सदस्य | भिषण चौलागाई | सह- ईञ्चार्ज, मकवानपुर |
| १६ | केन्द्रीय सदस्य | मन्दीरा थापा | सह-ईञ्चार्ज, मकवानपुर |
| १७ | केन्द्रीय सदस्य | ईन्द्रकला सुवेदी | ईञ्चार्ज, चितवन |
| १८ | केन्द्रीय सदस्य | हेम पाठक | सह ईञ्चार्ज, चितवन |
| १९ | केन्द्रीय सदस्य | कल्पना कुंवर | सह ईञ्चार्ज, चितवन |
| २० | केन्द्रीय सदस्य | पदम बहादुर मगर | ईञ्चार्ज, सिन्धुली |
| २१ | केन्द्रीय सदस्य | खड्क मैनाली | ईञ्चार्ज, भक्तपुर |
| २२ | केन्द्रीय सदस्य | कल्पना वस्नेत | सह- ईञ्चार्ज, भक्तपुर |
| २३ | केन्द्रीय सदस्य | शिव बहादुर बस्नेत | ईञ्चार्ज, रसुवा |
| २४ | केन्द्रीय नीति आयोग सदस्य | सुर्य बहादुर डांगी | सह-ईञ्चार्ज, काठमाण्डौ |
| २५ | केन्द्रीय नीति आयोग सदस्य | कृष्ण बहादुर श्रेष्ठ | सह-ईञ्चार्ज, सिन्धुपाल्चोक |
| २६ | केन्द्रीय नीति आयोग सदस्य | हरि बहादुर विष्ट | सह-ईञ्चार्ज, ललितपुर |

| गण्डकी | | | |
|---|---|---|---|
| १ | सचिवालय सदस्य | राममणी ढुगांना | ईञ्चार्ज, कास्की |
| २ | केन्द्रीय सदस्य | विजय कुमार श्रेष्ठ | ईञ्चार्ज, तनहुँ |
| ३ | केन्द्रीय सदस्य | पार्वती पौडेल | सह-ईञ्चार्ज, तनहुँ |
| ४ | केन्द्रीय सदस्य | लोक प्रसाद ढुगांना | ईञ्चार्ज, गोरखा |
| ५ | केन्द्रीय सदस्य | तिलक प्रसाद आचार्य | ईञ्चार्ज, मनाङ |
| ६ | केन्द्रीय सदस्य | सन्ध्या पौडेल | सह- ईञ्चार्ज, कास्की |
| ७ | केन्द्रीय सदस्य | राजु प्रसाद मरासीनी | ईञ्चार्ज, स्याङजा |
| ८ | केन्द्रीय सदस्य | बालकृष्ण शर्मा | ईञ्चार्ज, पर्वत/मुस्ताङ |
| ९ | केन्द्रीय सदस्य | लिला कुमारी गौतम | ईञ्चार्ज, म्याग्दी |
| १० | केन्द्रीय सदस्य | राम प्रसाद उपाध्याय | ईञ्चार्ज, बागलुङ |
| ११ | केन्द्रीय सदस्य | रामहरि खड्का | ईञ्चार्ज, लमजुङ |
| १२ | विज्ञान तथा प्रविधि आयोग सदस्य | निरज कुमार श्रेष्ठ | सह-ईञ्चार्ज, लमजुङ |

| लुम्बिनी | | | |
|---|---|---|---|
| १ | केन्द्रीय सदस्य | प्रेम प्रसाद खनाल | ईञ्चार्ज, रुपन्देही |
| २ | केन्द्रीय सदस्य | रमेश प्रसाद पाण्डे | ईञ्चार्ज, नवलपरासी |
| ३ | केन्द्रीय सदस्य | प्रकाश गौतम | ईञ्चार्ज, कपिलबस्तु |
| ४ | केन्द्रीय सदस्य | अन्जली पन्थी | सह-ईञ्चार्ज, कपिलबस्तु |
| ५ | केन्द्रीय सदस्य | किरण कुमार अधिकारी | ईञ्चार्ज, रोल्पा |

| | | | |
|---|---|---|---|
| ६ | केन्द्रीय सदस्य | बल बहादुर खड्का | ईञ्चार्ज, दाङ |
| ७ | केन्द्रीय सदस्य | दुर्गा महत | ईञ्चार्ज, बाँके |
| ८ | केन्द्रीय सदस्य | हर्क बहादुर शाही | ईञ्चार्ज, रुकुम पूर्व |
| ९ | केन्द्रीय सदस्य | याचना गौतम | सह-ईञ्चार्ज, रुकुम पूर्व |
| १० | केन्द्रीय सदस्य | गणेश प्रसाद भण्डारी | ईञ्चार्ज, अर्घाखाची |
| ११ | केन्द्रीय सदस्य | युवराज ज्ञवाली | ईञ्चार्ज, पाल्पा |
| १२ | केन्द्रीय सदस्य | साविञा भण्डारी | ईञ्चार्ज, गुल्मी |
| १३ | केन्द्रीय सदस्य | हरि प्रसाद पौडेल | ईञ्चार्ज, प्यूठान |
| १४ | केन्द्रीय सदस्य | जय बहादुर वि सी | ईञ्चार्ज, बर्दिया |
| १५ | विज्ञान तथा प्रविधि आयोग सदस्य | खगराज उपाध्याय | सह ईञ्चार्ज, रुपन्देही |
| | **कर्णाली** | | |
| १ | सचिवालय सदस्य | डम्वर बहादुर विष्ट | ईञ्चार्ज, जाजरकोट |
| २ | सचिवालय सदस्य | हेमन्त चुनारा | ईञ्चार्ज, सुर्खेत |
| ३ | केन्द्रीय सदस्य | पुष्पराज ओली | ईञ्चार्ज, रुकुम पश्चिम |
| ४ | केन्द्रीय सदस्य | कमला के सी | सह-ईञ्चार्ज, रुकुम पश्चिम |
| ५ | केन्द्रीय सदस्य | मेनका शाही | सह-ईञ्चार्ज, सुर्खेत |
| ६ | केन्द्रीय सदस्य | पूर्ण बहादुर थापा | ईञ्चार्ज, सल्यान |
| ७ | केन्द्रीय सदस्य | झुप बहादुर शाही | सह ईञ्चार्ज, जाजरकोट |
| ८ | केन्द्रीय सदस्य | गीता बुढा | ईञ्चार्ज, दैलेख |
| ९ | केन्द्रीय सदस्य | प्रकाश बहादुर खड्का | ईञ्चार्ज, कालीकोट |
| १० | केन्द्रीय सदस्य | साविञा घिमिरे | सह-ईञ्चार्ज, कालीकोट |
| ११ | केन्द्रीय सदस्य | कमला धराला | ईञ्चार्ज, जुम्ला |
| १२ | केन्द्रीय सदस्य | धर्मराज रावल | सह ईञ्चार्ज, जुम्ला |
| १३ | केन्द्रीय सदस्य | भक्त बहादुर शाही | ईञ्चार्ज, हुम्ला |
| १४ | केन्द्रीय सदस्य | दुर्गा बहादुर कार्की | ईञ्चार्ज, मुगु |
| १५ | केन्द्रीय सदस्य | गोर बहादुर बुढा | ईञ्चार्ज, डोल्पा |
| १६ | केन्द्रीय सदस्य | हिराचन्द्र धराला | सह-ईञ्चार्ज, डोल्पा |
| १७ | केन्द्रीय लेखा परिक्षण आयोग सदस्य | मनोज के सी | सह ईञ्चार्ज, सल्यान |
| १८ | केन्द्रीय लेखा परिक्षण आयोग सदस्य | खडानन्द चौलागाई | सह ईञ्चार्ज, जुम्ला |
| १९ | विज्ञान तथा प्रविधि आयोग सदस्य | प्रकाश भट्टराई | सह ईञ्चार्ज, दैलेख |
| | **सुदुर पश्चिम** | | |
| १ | सचिवालय सदस्य | प्रताव चन्द | ईञ्चार्ज, कन्चनपुर |
| २ | केन्द्रीय सदस्य | राधिका पन्त | सह-ईञ्चार्ज, कन्चनपुर |
| ३ | केन्द्रीय सदस्य | गणेशराज पनेरु | ईञ्चार्ज, कैलाली |
| ४ | केन्द्रीय सदस्य | लक्ष्मणराज जोशी | ईञ्चार्ज, डडेलधुरा |
| ५ | केन्द्रीय सदस्य | पूर्ण बहादुर विष्ट | सह ईञ्चार्ज, कैलाली |
| ६ | केन्द्रीय सदस्य | दिपेन्द्र बहादुर शाह | ईञ्चार्ज, डोटी |
| ७ | केन्द्रीय सदस्य | राजुदेवी खड्का | सह-ईञ्चार्ज, डोटी |
| ८ | केन्द्रीय सदस्य | दिनेश बहादुर धामी | ईञ्चार्ज, बझाङ |
| ९ | केन्द्रीय सदस्य | लक्ष्मी रावल | सह-ईञ्चार्ज, बझाङ |
| १० | केन्द्रीय सदस्य | पश्चिमा रावल | ईञ्चार्ज, वाजुरा |
| ११ | केन्द्रीय सदस्य | नरेन्द्र शाह | ईञ्चार्ज, अछाम |
| | **उपत्यका** | | |
| १ | सचिवालय सदस्य | गंगाराम नेपाल | ईञ्चार्ज, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय |
| २ | सचिवालय सदस्य | बद्रि कोईराला | ईञ्चार्ज, , राष्ट्रपति कार्यालय |
| ३ | सचिवालय सदस्य | ईश्वर ओझा | ईञ्चार्ज, संस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालय |
| ४ | सचिवालय सदस्य | राजेन्द्र कुरुम्वाङ | ईञ्चार्ज, महान्यायाधिवक्ताको कार्यालय |
| ५ | सचिवालय सदस्य | रेणुका सुवेदी | ईञ्चार्ज, संसद सचिवालय |
| ६ | सचिवालय सदस्य | लोकेन्द्र बहादुर बम | ईञ्चार्ज, , केन्द्रीय तथ्याकं कार्यालय |
| ७ | सचिवालय सदस्य | प्रकाश शर्मा | ईञ्चार्ज, स्वास्थ्य मन्त्रालय |
| ८ | सचिवालय सदस्य | भीमा सुवेदी | ईञ्चार्ज, महालेखा नियन्त्रकको कार्यालय |
| ९ | सचिवालय सदस्य | उमेश पराजुली | ईञ्चार्ज, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| १० | केन्द्रीय सदस्य | चन्द्र प्रसाद शर्मा | ईञ्चार्ज, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| ११ | केन्द्रीय सदस्य | दिपा परियार | सह-ईञ्चार्ज, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| १२ | केन्द्रीय सदस्य | केशव बहादुर रोकाय | ईञ्चार्ज, बेपत्ता छानविन आयोग |
| १३ | केन्द्रीय सदस्य | कृष्ण बहादुर माझी | ईञ्चार्ज, युवा तथा खेलकुद मन्त्रालय |
| १४ | केन्द्रीय सदस्य | सन्तोष झा | ईञ्चार्ज, भुमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय |
| १५ | केन्द्रीय सदस्य | सरस्वती श्रेष्ठ | ईञ्चार्ज, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| १६ | केन्द्रीय सदस्य | राजन गिरी | सह- ईञ्चार्ज, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय |
| १७ | केन्द्रीय सदस्य | गोमा धिताल | सह- ईञ्चार्ज, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय |
| १८ | केन्द्रीय सदस्य | गोपाल थापा | ईञ्चार्ज, खानेपानी मन्त्रालय |
| १९ | केन्द्रीय सदस्य | प्रमोद खतिवडा | ईञ्चार्ज, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| २० | केन्द्रीय सदस्य | चेत विक्रम अधिकारी | ईञ्चार्ज, महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| २१ | केन्द्रीय सदस्य | शिवराज पोखरेल | ईञ्चार्ज, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| २२ | केन्द्रीय सदस्य | केदार प्रसाद खतिवडा | ईञ्चार्ज, रक्षा मन्त्रालय |
| २३ | केन्द्रीय सदस्य | युवराज पंज्ञानी | ईञ्चार्ज, गृह मन्त्रालय |
| २४ | केन्द्रीय सदस्य | कमला भुसाल | ईञ्चार्ज, उर्जा, जलश्रोत तथा सिचाई |
| २५ | केन्द्रीय सदस्य | श्याम प्रसाद आचार्य | ईञ्चार्ज, अर्थ मन्त्रालय |
| २६ | केन्द्रीय सदस्य | राम प्रसाद घिमिरे | ईञ्चार्ज, , निर्वाचन आयोग |

| | | | |
|---|---|---|---|
| २७ | केन्द्रीय सदस्य | तारा न्यौपाने | ईञ्चार्ज, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २८ | केन्द्रीय सदस्य | देवेन्द्र सुवेदी | ईञ्चार्ज, परराष्ट्र मन्त्रालय |
| २९ | केन्द्रीय सदस्य | राम भुसाल | ईञ्चार्ज, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| ३० | केन्द्रीय सदस्य | हृदेश न्यौपाने | ईञ्चार्ज, राष्ट्रिय योजना आयोग |
| ३१ | केन्द्रीय सदस्य | चन्द्र कुमारी चौलागाई | ईञ्चार्ज, वित्त आयोग |
| ३२ | केन्द्रीय सदस्य | भीम बहादुर रावल | ईञ्चार्ज, , शहरी विकास मन्त्रालय |
| ३३ | केन्द्रीय सदस्य | लक्ष्मी पौडेल | ईञ्चार्ज, राष्ट्रिय महिला आयोग |
| ३४ | केन्द्रीय सदस्य | सुनिल आचार्य | ईञ्चार्ज, वन |
| ३५ | केन्द्रीय सदस्य | सोमा निरौला | सह- ईञ्चार्ज, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| ३६ | केन्द्रीय सदस्य | रमेश खतिवडा | ईञ्चार्ज, , कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय |
| ३७ | केन्द्रीय सदस्य | हेटनारायण रम्तेल | ईञ्चार्ज, सर्वोच्च अदालत |
| ३८ | केन्द्रीय सदस्य | जयानन्द पाण्डेय | ईञ्चार्ज, महालेखा परीक्षक कार्यालय |
| ३९ | केन्द्रीय सदस्य | सरिता अधिकारी | ईञ्चार्ज, लोक सेवा आयोग |
| ४० | केन्द्रीय अनुशासन आयोग सदस्य | राम प्रसाद पन्थी | ईञ्चार्ज, सार्वजनिक खरिद अनुगमन कार्यालय |
| ४१ | विज्ञान तथा प्रविधि आयोग सदस्य | निमलाल भुसाल | ईञ्चार्ज, अख्तियार दुरुपयोग अनुसन्धान आयोग |
| ४२ | केन्द्रीय लेखा परिक्षण आयोग सदस्य | धर्मराज पौडेल | ईञ्चार्ज, राष्ट्रिय सतर्कता केन्द्र |

७. नेपाल निजामती कर्मचारी संगठनका सल्लाहकार तथा निवर्तमान महासचिव श्री जीवन काफ्लेको संयोजकत्वमा बढीमा ५ जना सदस्य रहने गरी राष्ट्रसेवक सहकारी संस्था लि.हरुको प्रभावकारी सञ्चालन, सुदृढीकरण र सवलीकरण गर्न **"उच्चस्तरीय विज्ञ कार्यदल"** निर्माण गरियो ।

८. नेपाल निजामती कर्मचारी संगठनका सल्लाहकार तथा निवर्तमान गण्डकी प्रदेश इन्चार्ज श्री घनश्याम सापकोटाको संयोजकत्वमा बढीमा ५ जना सदस्य रहने गरी **"संगठन सुदृढीकरण तथा कार्यदिशा निर्माण उच्चस्तरीय कार्यदल"** निर्माण गरियो ।

९. नेपाल सरकारबाट जारी हुने संघीय निजामती सेवा ऐन, प्रदेश र स्थानीय निजामती सेवा ऐन लगायत सम्वन्धी नीतिगत कार्य गर्न र आन्दोलन सम्वन्धी सम्पूर्ण निर्णय गर्नको लागि संगठन केन्द्रीय पदाधिकारीलाई जिम्मेवारी प्रदान गरियो ।

१०. नेपाल निजामती कर्मचारी संगठनले कुनै विषयमा तत्काल निर्णय लिनुपर्ने भएमा केन्द्रीय सचिवालयको बैठकबाट अनुमोदन गर्ने गरी पदाधिकारीहरुको बैठकबाट निर्णय गरीनेछ ।

११. नेपाल निजामती कर्मचारी संगठनको विधान, २०६४ ( बाहौं संशोधन २०८१) बमोजिम केन्द्रीय सल्लाहकार समितिको सदस्यमा पूर्व सल्लाहकार कल्पलता निरौलालाई मनोनयन गरियो ।

१२. नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिले प्रत्येक वर्ष सञ्चालन गर्ने उपहार कार्यक्रम अन्तर्गत प्रदेश, जिल्ला/विभागीय कार्य समितिहरुमा पठाउनका लागि २०० दरका ८० हजार प्रति छपाई गरी उपहार कार्यक्रमलाई व्यवस्थित गर्ने निर्णय गरियो ।

१३. नेपाल निजामती कर्मचारी संगठनको १२औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय पदाधिकारी, सचिवालय सदस्य, केन्द्रीय सदस्य र आयोगका अध्यक्ष एवं सदस्यहरुलाई प्रति महिना रु. ५००।- (अक्षरेपी पाँचसय मात्र) लेवी तोक्ने निर्णय गरियो ।

१४. नेपाल निजामती कर्मचारी संगठनको दोश्रो बैठकबाट संगठनका आम सदस्यले पालना गर्नुपर्ने प्रतिवद्धता पारित गरेको हुँदा सोहि बमोजिम गर्ने निर्णय गरियो ।

- **"समृद्ध नेपाल, सुखी नेपाली"**को राष्ट्रिय आकांक्षा पुरा गर्न जनताको तीव्र चाहनाको सम्बोधन हुने गरी **"शीघ्र सेवा-तीव्र विकास"**को जनचाहना अनुसार सेवा प्रवाहमा जोड दिने ।
- राष्ट्रियस्तरका ट्रेड युनियनहरुले दिएका ११ बुँदे साझा सुझाव सहित स्वास्थ्य सेवा र संसद सेवालाई निजामती सेवामा समावेश गरी संघीय निजामती सेवा ऐन तत्काल जारी गराउने।
- सरकार परिवर्तनसँगै हुने सरुवा आतंक तत्काल रोक्न र सरुवालाई सजाय मान्ने सोंचलाई परिवर्तन गरी अवसरको रुपमा विकास गर्दै तीनै तहमा कार्यरत कर्मचारीहरुको सरुवालाई वैज्ञानिक, चक्रीय, पारदर्शी र पूर्वानुमानयोग्य हुने गरी व्यवस्थापन गर्ने ।
- **"नेगो एप्स"** मार्फत संगठनको सम्पूर्ण विवरण व्यवस्थित गर्दै एकीकृत सूचना प्रणालीको विकास गर्दै सूचनाको गोपनीयतालाई व्यवस्थित गर्ने ।
- संगठनको अभिभावकत्वमा सञ्चालित राष्ट्रसेवक सहकारी संस्था लि.हरूलाई थप गतिशिल र प्रभावकारी बनाउने
- संगठनको विधान, विनियम, नियमावली, निर्देशिका र आचारसंहिता वमोजिम संगठन सञ्चालनमा जोड दिने ।
- **"शासन होइन सेवा, शासक होईन सेवक"** भन्ने मान्यता स्थापित गर्ने ।
- सेवा प्रवाहको क्रममा प्रक्रियामा भन्दा नतिजामा ध्यान दिने गरी आफ्ना गतिविधी सञ्चालन गर्ने ।
- आगामी वर्ष २०८२ श्रावणदेखि असोजसम्म संघ, प्रदेश र स्थानीय तहमा **"संगठन सुदृढीकरण अभियान"** कार्यक्रम संचालन गर्ने ।
- समाज र नागरिकप्रति समर्पित भई नागरिकक सेवा प्रवाहलाई सरल, सहज र पहुँचयोग्य वनाउदै क्षतिपूर्ति सहितको नागरिक सेवामा जोड दिने ।
- विचौलिया रहित सेवा प्रवाह (सेवा प्राप्तिका लागि किनेको वा चिनेको हुनु नपर्ने) को वातावरण तयार गर्ने ।
- सार्वजनिक निकायहरुमा सेवा लिन जाँदा समय कार्ड लागू गर्नमा प्रत्यनशिल हुने ।
- आफ्नु कार्यरत निकायमा नविनतम कामको थालनी गर्न प्रयत्नशिल रहने ।

१५. केन्द्रीय पदाधिकारी, सदस्यहरुले यस अघि भवन निर्माण कोषमा रकम जम्मा नगरेको भए एक महिनाको तलव वरावरको रकम पुऱ्याउने गरी हाललाई न्यूनतम रु. १०, ००० हजार अनिवार्य दाखिला गर्ने ।

१६. सदस्यता नविकरण तथा वितरणसँग जोडेर जिल्ला/विभागीय कार्यसमितिलाई विभिन्न क्लष्टरमा विभाजन गरी केन्द्रीय पदाधिकारीहरुलाई उक्त क्लष्टरको जिम्मेवारी प्रदान गर्ने गरी २०८२ श्रावण देखि असोज मसान्त सम्म **"संगठन सुदृढीकरण तथा नागरीकसँग कर्मचारी संगठन"** कार्यक्रम संचालन गर्ने ।

नेपाल निजामती कर्मचारी संगठनको बार्षिक कार्ययोजना २०८२/०८३ देहाय बमोजिम पारित गरियो ।

## नेपाल निजामती कर्मचारी संगठनकेन्द्रीय कार्य समितिको वार्षिक कार्ययोजना, २०८२/०८३

| सिं.नं | कार्यक्रम | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र | वैशाख | जेष्ठ | आषाढ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | बैठक | | | | | | | | | | | | | |
| क) | केन्द्रीय कार्य समितिको बैठक | | | | | ✓ | | | | | | ✓ | | |
| २. | सदस्यता विस्तार/ रेकर्ड व्यवस्थापन | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| क) | सदस्यता नविकरण/कर्मचारी कल्याण कोषमा आवद्धता | ✓ | ✓ | ✓ | | | | | | | | | | |
| ख) | नयाँ सदस्यता वितरण | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ग) | सदस्यहरुको संख्या विश्लेषण (निजामती सेवा र संगठनमा तुलनात्मक अध्ययन) | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ३. | पेशागत संघ संस्थासँग सम्बन्ध विस्तार | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ४. | अर्न्तक्रिया/भेला/गुनासो सुनुवाई | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ५. | प्रशिक्षण (८ प्रदेश ७७ जिल्ला ३७ विभाग र कम्तीमा १०० पालिका) | | | | | | | | | | | | | |
| (क) | केन्द्रीय प्रशिक्षण | | | | | | | | | | | ✓ | | |
| (ख) | प्रदेश स्तरीय प्रशिक्षण | ✓ | ✓ | ✓ | | | | | | | | | | |
| (ग) | जिल्ला/विभागीय प्रशिक्षण | | | | ✓ | ✓ | ✓ | ✓ | | | | | | |
| ६. | प्रकाशन | | | | | | | | | | | | | |
| क) | भित्रेपात्रो (क्यालेण्डर) | | | | | | | | | ✓ | | | | |
| ख) | नेगो बुलेटीन | ✓ | | | | ✓ | | | | ✓ | | | | |
| ग) | राष्ट्रसेवक दर्पण | | ✓ | ✓ | | | | | | | | | | |
| घ) | संगठन सम्पर्क डायरी | ✓ | | | | | | | | | | | ✓ | |
| ङ) | अन्य प्रकाशन (जिल्ला/विभागीय कार्य समिति) निरन्तर प्रोत्साहन गर्ने | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| च | नेगो समाचार प्रकाशन | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ७. | अतिरिक्त क्रियाकलाप | | | | | | | | | | | | | |
| क) | लोकसेवा तयारी कक्षा सञ्चालन | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ख) | उपहार कार्यक्रम सञ्चालन | ✓ | ✓ | ✓ | | | | | | | | ✓ | ✓ | |
| ग) | च्यारिटी सो कार्यक्रम | | | | | ✓ | | | | | | | | |
| घ) | अन्तर ट्रेड युनियन खेलकुद प्रतियोगिता | ✓ | | | | | ✓ | | | | ✓ | | | |
| ङ) | हाजिरी जवाफ प्रतियोगिता केन्द्र | ✓ | | | | | | | | | | | | |
| च) | रक्तदान कार्यक्रम | ✓ | | | | | ✓ | | | | | | | |
| छ) | वनभोज कार्यक्रम(केन्द्र) | | | | | | | ✓ | ✓ | ✓ | | | | |
| ज) | Website Update/ Negeo Notice Board Service, Negeo app | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| झ) | तीज कार्यक्रम | | ✓ | | | | | | | | | | | |
| ८. | सहकारी सम्बन्धी | | | | | | | | | | | | | |
| क) | सहकारी विस्तार (थप ८ जिल्ला) | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ख) | राष्ट्रसेवक सहकारीहरुको अवस्थाको अध्ययन | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |

| सि.नं | कार्यक्रम | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र | वैशाख | जेष्ठ | आषाढ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९. | दिवस/उत्सव/समारोह | | | | | | | | | | | | | |
| क) | संगठन स्थापना दिवस | | | | | | | | | | ✓ | | | |
| ख) | शहीद स्मृति दिवस | ✓ | | | | | | | | | | | | |
| ग) | ट्रेड युनियन दर्ता दिवस | | | | | | ✓ | | | | | | | |
| घ) | निजामती सेवा दिवस | | ✓ | | | | | | | | | | | |
| ङ) | अर्न्तराष्ट्रिय महिला दिवस | | | | | | | | ✓ | | | | | |
| च) | मे दिवस | | | | | | | | | | ✓ | | | |
| छ) | पेशागत महासंघ दिवस | | | | | | | | | | | ✓ | | |
| १० . | बिदेश सम्बन्ध | | | | | | | | | | | | | |
| क) | बैदेशिक सम्पर्क र सम्बन्ध विस्तार | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ख) | ट्रेड युनियन सम्बन्धी अर्न्तराष्ट्रिय भेला | आवश्यकता अनुसार | | | | | | | | | | | | |
| ११ . | अनुसन्धानात्मक कार्य | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १२ . | भेला/गोष्ठी/अन्तर्रक्रिया | | | | | | | | | | | | ✓ | |
| क) | नेगो भिजन तयारी | ✓ | ✓ | | | | | | | | | | | |
| ख) | निजामती सेवामा आकर्षणका कार्यक्रमहरु | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ग) | संगठन सुदृढीकरण, नागरिकसँग संगठन । | ✓ | ✓ | ✓ | | | | | | | | | | |
| घ) | पेशागतमहासंघ अन्तरसम्बन्ध | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ङ) | नव प्रवेशीलाई आकर्षण | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १३. | आर्थिक कार्यक्रम | | | | | | | | | | | | | |
| क) | मासिक लेवी सहयोग शुल्क संकलन, कल्याण कोषमा आवद्धता | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ख) | बक्यौता असूली | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १४. | बैज्ञानिक र चक्रिय सरुवा सम्बन्धी अध्ययन कार्यदल गठन र सुझाव प्राप्ती | | ✓ | ✓ | ✓ | ✓ | | | | | | | | |
| १५. | राष्ट्रिय भेला | | | | | | | ✓ | | ✓ | | | | |

अन्त्यमा, हामी संगठनको दोस्रो बैठकले पारित गरेका कार्यनीति तथा कार्यभारहरुको कार्यान्वयनको जिम्मेवारी पुरा गर्ने अभियानमा छौं । केन्द्रीय कार्य समितिको दोस्रो बैठकले गरेका महत्वपूर्ण निर्णयहरु कार्यान्वयनको लागि आफु र आफु मातहतका प्रदेश, जिल्ला/विभागीय कार्य समिति तथा सम्पूर्ण संगठक मित्रहरुलाई यसै परिपत्र मार्फत जानकारीका लागि अनुरोध छ । धन्यवाद । जय संगठन ॥

.........................

पदम बहादुर शाही

कार्यालय सचिव

# उपत्यका प्रदेश गतिविधि

## अर्थ विभागीय कार्यसमिति



संगठन केन्द्रीय अध्यक्ष श्री भवानी न्यौपाने दाहलको प्रमुख आतिथ्यतामा मिति २०८२/२/३० शुक्रवार अर्थ विभागीय कार्यसमितीद्धारा अर्थ विभागीय कार्यसमितिबाट प्रतिनिधत्व गर्दै १२ महाधिवेशनमा केन्द्रीय सदस्य हुनु भएका श्याम आचार्य, अर्थ विभागीय कार्य समितिका तत्कालिन अध्यक्ष चुरामणी अर्याल उपसचिव हुनु भएकोमा कार्यकाल सफलताको शुभकामना दिदै सो समितिमा रिक्त भएको अध्यक्षको जिम्मेवारीमा विनोद सुवेदीलाई प्रदान गर्दै समिति पुर्नगठन कार्यक्रम सम्पन्न भएको थियो ।

## शिक्षा विभागीय कार्यसमिति



२०८२ जेठ ३० गते शुक्रवार शिक्षा विभागिय कार्य समितिले ति विद्यार्थीहरुलाई लोकन्थली स्थित् सरस्वती आधारभूत विद्यालयमा भर्ना गराई शुक्रबार विद्यालय प्राङ्गणमा झोला, पोशाक, स्टेसनरी लगायतका सामग्रीहरू वितरण गरेको छ । कार्यक्रममा नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्यसमितिको अध्यक्ष भवानी न्यौपाने दाहालको प्रमुख आतिथिमा सम्पन्न भएको थियो । त्यस्तै शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक कृष्णप्रसाद काप्री, पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक युवराज पौडेल, नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्यसमितिका वरिष्ठ उपाध्यक्ष रेवन्त गौतम, प्रभास प्रसाद साह, उपाध्यक्ष कृष्णबहादुर केसी, उपत्यका इन्चार्ज गणेश आचार्यको महासचिव रामचन्द्र अधिकारीको उपस्थिति रहेको थियो । कार्यक्रमको अध्यक्षता नेपाल निजामती कर्मचारी संगठन शिक्षा विभागीय कार्यसमितिका अध्यक्ष प्रेमप्रसाद त्रिपाठीले गरेका थिए भने कार्यक्रमको प्रधानाध्यापक इन्दिरा महत, केन्द्रीय सदस्य एवं शिक्षा इन्चार्ज शिवराज पोखरेल, महासचिव रामचन्द्र अधिकारी लगायतले शुभकामना व्यक्त गर्नु भएको थियो ।

## भौतिक विभागीय कार्यसमिति



मिति २०८२ जेष्ठ १३ गते संगठन केन्द्रीय अध्यक्ष भवानी न्यौपाने दहालको प्रमुख आतिथ्यतामा संगठनका पदाधिकारी तथा सदस्यहरुको उपस्थितीमा नेपाल निजामती कर्मचारी संगठन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय विभागीय कमिटीको विस्तारित बैठक बसी संगठन केन्द्रीय कार्य समितिमा जिम्मेवार प्राप्त गर्नु हुने निवर्तमान अध्यक्ष प्रमोद खतिवडालाई वधाई तथा सफल कार्यकालको शुभकामना दिदै रिक्त भएको अध्यक्षको जिम्मेवारी सितारामा बुढाथोकीलाई हस्तान्तरण गरी कार्यक्रम सम्पन्न भएको थियो ।





मिति २०८२ जेठ ३० गते नेपाल निजामती कर्मचारी संगठन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय विभागीय कार्य समितिद्वारा मन्त्रालयमा कार्यरत २० जना ईञ्जिनियरहरुलाई स्वागत तथा बधाई कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रममा केन्द्रीय सदस्यद्धय प्रमोद खतिवडा साथै केशव भट्टराई लगायत विभागीय कार्य समितिका पदाधिकारी तथा सदस्यहरुको उल्लेखनीय उपस्थिती रहेको थियो ।

# कोशी प्रदेश कार्यसमितिका गतिविधि

## १. प्रदेश कार्य समिति

- सचिवालय बैठक -१ पटक
- गुनासो सुनुवाई-प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरुको गुनासो सुनुवाईका लागि प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र मन्त्रालयहरुमा आवश्यक पहल गरिएको ।







- प्रदेश सरकारका आर्थिक मामिला तथा कानुन मन्त्री र प्रमुख सचिवलाई आ.ब.२०८२/०८३ सालको बजेटमा प्रदेशमा कार्यरत कर्मचारीहरुलाई सुविधा उपलब्ध गराउन प्रदेशस्तरिय संयुक्त ट्रेड युनियन सञ्चालको तर्फबाट सुझाव दिइएको थियो । कोशी प्रदेशका प्रमुख सचिवलाई प्रदेश सरकारको आ.ब.२०८२/८३ को नीति तथा कार्यक्रममा समावेश गर्नु पर्ने सवालहरुको बिषयमा सुझाव पेश गरिएको थियो भने कोशी प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्रि माननीय रामबहादुर मगरज्यू समक्ष संयुक्त ट्रेडयुनियन कोशी प्रदेशको तर्फबाट मागपत्र पेश गरिएको थियो ।

### जिल्ला कार्य समिति पाँचथर

पालिका अधिवेशन- १ (हिलिहाङ गाउँ पालिका), प्रमुख जिल्ला अधिकारीलाई स्वागत

### जिल्ला कार्य समिति इलाम

पूर्ण वैठक - १ पटक, पालिका अधिवेशन१- वटा (सन्दकपुर)

### जिल्ला कार्य समिति तेह्रथुम

शिविर संचालन- अस्पतालको स्वास्थ्य शिविरमा निशुल्क पानी वितरण

### जिल्ला कार्य समिति धनकुटा

१.मिति २०८२/०२/१५ गते गणतन्त्र दिवसमा संगठनको ब्यानरमा सहभागी भएको

### जिल्ला कार्य समिति ओखलढुंगा

नियमित वैठक १ पटक, सचिवालय वैठक -१ पटक,

### जिल्ला कार्य समिति उदयपुर

नियमित वैठक ४ पटक, उदयपुर नेगो स्मारिका २०८२ प्रकासन

नेपाल निजामती कर्मचारी सगठन जिल्ला कार्य समितिको आयोजनामा मिति २०८२/०२/१० "उदयपुर नेगो स्मारिका-२०८२" विमोचन कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रमको अध्यक्षता संगठन जिल्ला कार्यसमितिका अध्यक्ष पुण्य प्रसाद पौडेलले गर्नु भएको उक्त कार्यक्रमको प्रमुख




अतिथि केन्द्रीय अध्यक्ष भवानी न्यौपाने दहाल रहनु भएको थियो भने अतिथिहरुमा प्रतिनिधि सभा सदस्य अम्वर बहादुर

रायामाझी, कोशी प्रदेशसभाका उपसभामुख सृजना दनुवार, संगठन केन्द्रका निवर्तमान अध्यक्ष लेखनाथ कोईराला, नेकपा एमाले पोलिटव्युरो सदस्य मन्जु चौधरी, केन्द्रिय सदस्य अम्बिका थापा, कोशी प्रदेश कमिटी सचिवालय सदस्य ईश्वरमणी राउत, जिल्ला अध्यक्ष भागवत राउत, संगठन उपत्यका ईन्चार्ज र इन्चार्ज गणेश प्रसाद आचार्य, सह-ईन्चार्ज खगेन्द्र नेपाल, केन्द्रीय सदस्य महेश फुयल र कमला निरौला, प्रदेश कमिटी अध्यक्ष हरि सुवेदी, उपाध्यक्ष फणिन्द्र विश्वकर्मा, संगठनका पूर्व अध्यक्षहरु, उपमेयर मणिका दुलाल र जिरा राई, प्रमुख जिल्ला अधिकारी, पत्रकार महासंघका अध्यक्ष र सचिव लगायतका रहनु भएको थियो । उक्त कार्यक्रमसगै नवआगन्तुक कर्मचारी साथिहरुलाइ स्वागत तथा सरुवा हुने कर्मचारीलाइ विदाइ र निबृत बृष खत्री र घनश्या म चौधरी लगायतलाइ सेवा निवृत जीवनको शुभकामना कार्यक्रम सम्पन्न भएको थियो ।

### जिल्ला कार्य समिति झापा

पालिका अधिवेशन-२ वटा (बिर्तामोड र गौरिगञ्ज नगरपालिका)

### जिल्ला कार्य समिति मोरङ

सचिवालय वैठक-१ पटक, कन्द्रिय सदस्य तथा जिल्ला इञ्चार्ज सह-इन्चार्जलाई स्वागत कार्यक्रम

### जिल्ला कार्य समिति सुनसरी

पूर्ण वैठक-१ पटक,

मिति २०८२/०२/१९ र २० गते दोस्रो मदन भण्डारी स्मृती अन्तर्राष्ट्रिय कुस्ती (दंगल) प्रतियोगीता

संगठन जिल्ला कार्य समिति, सुनसरीको आयोजनामा केन्द्रीय, प्रदेश तथा जिल्ला कार्य समितिको टिमका साथै अन्य टिमहरुको सहभागीता रहेको थियो ।कार्यक्रमले अन्तर्राष्ट्रिय क्षेत्रसम्म संगठनलाई परिचित गराउन सफल भएको छ ।




## बागमती प्रदेश कार्यसमितिका गतिविधि



मिति २०८२ जेठ २६ गते नेपाल निजामती कर्मचारी संगठन बागमती प्रदेश कार्य समितिका अध्यक्ष बरुण साहको अध्यक्षता, केन्द्रिय उपाध्यक्ष विष्णु अर्यालको प्रमुख आतिथ्यता एवम् बागमती प्रदेश ईञ्चार्ज/सह-ईञ्चार्जको बिशिष्ट आतिथ्यता, केन्द्रिय सदस्यहरु, प्रदेश कमिटीका पदाधिकारी तथा सदस्यहरु, जिल्ला कमिटीका संगठकहरुको उल्लेखनीय उपस्थितिमा आव ०८२/०८३ का लागि बागमती प्रदेश सरकारले ल्याउने बजेटमा प्रदेश कार्य समितिले सुझाब एवम् मागपत्र पेश गरेको थियो ।



मिति २०८२ जेठ २६ गते बागमती प्रदेश सरकारका नव नियुक्त प्रमुख सचिव भूपाल बराल लाई स्वागत एवम् बधाईका साथै सफल कार्यकालको लागि शुभकामना कार्यक्रम सम्पन्न भएको थियो ।

# गण्डकी प्रदेश कार्यसमितिका गतिविधि

### १. नीति तथा कार्यक्रम र बजेटका लागि माग तथा सुझाव पत्र पेश ।





जेठ ५ गते गण्डकी प्रदेश सरकारको आगामी बर्षको नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्नुपर्ने विषयका साथै कानुन र प्रशासन सुधारका लागि ५६ बुँदे माग तथा सुझाव पत्र पेश गरिएको थियो । उक्त सुझाव तथा माग नेपाल निजामती कर्मचारी संगठन गण्डकी प्रदेशका अध्यक्ष डोलराज पराजुलीको अध्यक्षतामा रहेको संयुक्त ट्रेड युनियन सञ्जालले संयुक्त रुपमा गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्र पाण्डे समक्ष पेश गरिएको थियो । उक्त माग तथा सुझाव पत्रको वाचन तथा व्याख्या सञ्जाल अध्यक्ष डोलराज पराजुलीले गर्नु भएको थियो भने माननीय मुख्यमन्त्रीले अधिकांश माग सम्वोधन गर्न प्रयत्न गरिने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो ।

### २. पेसागत महासंघ स्थापना दिवस

जेठ ६ गते नेपाल निजामती कर्मचारी संगठनको कार्यालय पृथ्वीचोकमा संगठनको सहयोग र समन्वयमा पेशागत महासँघ स्थापना दिवस मनाइएको थियो। उक्त कार्यक्रमको अध्यक्षता पेसागत महासंघ गण्डकी प्रदेश अध्यक्ष महेन्द्र रिमाल र प्रमुख अतिथि नेकपा एमाले कास्की जिल्ला अध्यक्ष बैन बहादुर अधिकारी क्षेत्रीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

### ३. राष्ट्रिय युवा संघको महाधिवेशनमा समन्वय र सहयोग

जेठ ९-१३ सम्म पोखरामा सम्पन्न राष्ट्रिय युवा संघ नेपालको राष्ट्रिय महाधिवेशनमा नेपाल निजामती कर्मचारी संगठनले निर्वाचन कार्यक्रमको समन्वय र सहयोग गरेको थियो ।

### ४.सुझाव पत्र पेश

गण्डकी प्रदेश सरकार मार्फत आउने नीति तथा कार्यक्रम, बजेट र कर्मचारी सम्वन्धी कानुन संशोधनका विषयमा नेकपा एमालेले अख्तियार गर्नुपर्ने नीति तथा कार्यक्रमका सम्बन्धमा गण्डकी प्रदेश कार्यसमिति र कास्की संगठनको तर्फबाट संयुक्त रुपमा ७८ बुँदे सुझाव पत्र संसदीय दलका नेता तथा निवर्तमान मुख्यमन्त्री माननीय खगराज अधिकारीलाई जेठ १४ मा बुझाइएको थियो । उक्त सुझाव पत्रमा प्रदेश इञ्चार्ज भरत प्रसाद भुसाल, प्रदेश अध्यक्ष डोलराज पराजुली र कास्की अध्यक्ष रामचन्द्र पहारीको संयुक्त हस्ताक्षर गरी बुझाइएको थियो ।

### ५. गणतन्त्र दिवसमा दिप प्रज्वलन

गणतन्त्र दिवस, २०८२ को उपलक्ष्यमा पोखराको पृथ्वीचोकमा बुद्धिजीवी इलाका र नेपाल निजामती कर्मचारी संगठनको सहकार्य साथै पार्टीको समन्वयमा साँझ ६:३० बजे दीप प्रज्वलन गरी मनाइएको थियो । उक्त कार्यक्रममा प्रदेश अध्यक्ष डोलराज पराजुली कास्की अध्यक्ष रामचन्द्र पहारी लगायत उल्लेख्य संख्यामा संगठकहरुको उपस्थिति रहेको थियो ।

### ६. दोश्रो केन्द्रीय कमिटी बैठकमा सहभागिता

नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्यसमितिको सहकारी प्रशिक्षण केन्द्र बानेश्वर काठमाडौंमा जेठ १६ देखि १८ सम्म भएको दोश्रो बैठकमा प्रदेश अध्यक्ष डोलराज पराजुलीले सहभागिता जनाई केन्द्रीय महाधिवेशन पश्चातका प्रदेश कार्यसमितिबाट भएका काम कारबाहीहरु बारेमा रिपोर्टिङ गरेको पेस भएको थियो ।

### ७. प्रमुखसचिव ज्यू लगायतको स्वागत तथा बिदाई कार्यक्रम

गण्डकी प्रदेशमा आउनु भएका नवनियुक्त प्रमुख सचिव श्रीमान शोभाकान्त पौडेल ज्यूलाई जेठ १९ गते स्वागत गरिएको थियो । उक्त अवसरमा केन्द्र प्रदेश र जिल्ला संगठनका साथीहरुको सहभागिता रहेको थियो । उक्त स्वागत कार्यक्रममा गण्डकी प्रदेशको अवस्था र संगठनको धारणाबारेमा प्रदेश अध्यक्षले धारणा राख्नु भएको थियो भने प्रमुख सचिवले स्वागतबाट खुसी भएको साथै संगठनसँगको समन्वय र सहकार्यमा आफुले काम गर्ने जानकारी गराउनु भएको थियो ।

त्यस्तै आन्तरिक सचिव ध्रुव गिरी र कानुन सचिव रामजी दनाईको स्वागत गरिएको थियो भने निवर्तमान कानुन सचिव धर्मराज कुइकेलको विदाई समेत गरिएको थियो । उक्त अवसरमा गण्डकी प्रदेश इञ्चार्ज सह इञ्चार्ज र कास्की अध्यक्षले स्वागत मन्तव्य राख्नु भएको थियो भने कार्यक्रम संचालन प्रदेश महासचिव बिष्णु देवी पोखरेल गर्नु भएको थियो ।

### ८. संयुक्त ट्रेड युनियन सञ्जालको बैठक

संयुक्त ट्रेड युनियन सञ्जालको बैठक सञ्जालका अध्यक्ष डोलराज पराजुलीको अध्यक्षतामा कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको सभाहल, पोखरामा जेठ २५ मा बसी गण्डकी गण्डकी प्रदेशको प्रशासनिक दरबन्दी पुनराबलोकन कार्यदलले दिएको प्रतिवेदनमा सरोकारवाला कर्मचारीहरुलाई सहभागी

नगराइएकोले ट्रेड युनियनहरुसँग छलफल नगरी उक्त प्रतिवेदन कार्यान्वयन नगर्न गण्डकी प्रदेश सरकारसँग माग गर्ने, संघीय निजामती विधेयकमा सर्वोच्च अदालतको निर्देशनात्मक आदेश समाहित गर्दै तीनै तहका कर्मचारीहरुबीच समन्वय स्थापित हुने गरी छिटो जारी गर्न पहल गर्ने लगायतका विषयमा छलफल गरिएको थियो ।



## ९. प्रदेश कार्यसमितिको दोश्रो पूर्ण बैठक सम्पन्न

नेपाल निजामती कर्मचारी संगठन, गण्डकी प्रदेशको दोश्रो पूर्ण बैठक प्रदेश अध्यक्ष डोलराज पराजुलीको अध्यक्षता र निवर्तमान मुख्यमन्त्री माननीय खगराज अधिकारीको प्रमुख आतिथ्यतामा जेठ ३१ गते होटल दीपसागर, न्यूरोड, पोखरामा सम्पन्न भएको थियो। उक्त बैठकमा प्रदेश इञ्चार्ज भरत प्रसाद भुसाल, सह इञ्चार्ज तेज प्रसाद निउरे, केन्द्रीय सदस्यहरु पेसागत महासंघ गण्डकीका महासचिव बैकुण्ठनाथ आचार्य, स्वास्थ्यकर्मी महासंघ गण्डकीका अध्यक्ष डिल्ली आचार्य लगायत जिल्ला इञ्चार्ज सह-इञ्चार्जहरु जिल्ला अध्यक्षहरुको उपस्थिति रहेको थियो । उक्त बैठकमा सबै जिल्लाको रिपोर्टिङ प्रस्तुत भएको थियो । उपस्थित अधिकांशले कर्मचारीमैत्री संघीय निजामती सेवा ऐन तुरुन्त जारी गर्ने बिषयमा धारणा राखु भएको थियो । उक्त बैठकले गण्डकी प्रदेशको प्रशासनिक दरबन्दी पुनराबलोकन कार्यदलको प्रतिवेदन सरोकारवाला संगठनहरु सँग छलफल नगरी र कर्मचारीहरुको वृति विकासमा असर पर्ने गरी लागू नगर्न जोडदार माग गर्ने निर्णय गरेको थियो भने स्थानीय तहका कर्मचारीहरुलाई पनि विदा, पर्यटन सुविधा दिन प्रदेश सरकार र सबै स्थानीय तहलाई अनुरोध गर्ने, हाल बढेको महँगी भत्ता, अस्थायी करार ज्यालादारी तथा सेवानिवृत कर्मचारी समेतले पाउने गरी आवश्यक व्यवस्थाको माग गर्ने विभागहरुलाई पूर्णता दिने, केन्द्रीय कार्य समितिका निर्णयहरु कार्यान्वयन गर्ने, कार्ययोजना बनाउने, नयाँ कर्मचारीहरुलाई **"खोज र संगठित गर"** भन्ने नारा कार्यान्वयन गर्ने लगायतका १४ वटा निर्णय गरी बैठक सम्पन्न भएको थियो ।




# वेवसाइटको शुभारम्भ

नेपाल निजामती कर्मचारी संगठन गण्डकी प्रदेश कार्यसमितिको वेवसाइट www.negeogandaki.org को शुभारम्भ दोश्रो पूर्ण बैठकको अवसरमा जेठ ३१ गते गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री माननीय खगराज अधिकारीबाट शुभारम्भ गर्नु भएको थियो ।उक्त वेवसाइट प्रदेश कार्य समिति मातहतको IT विभाग द्धारा तयार भएको थियो वेवसाइटमा प्रदेश मातहत ११ जिल्लाका गतिविधिहरु प्रकाशन गर्ने व्यवस्था गरिएकोछ ।






# लुम्बिनी प्रदेश कार्यसमितिका गतिविधि

## रुपन्देही

नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्यसमिति रुपन्देहीको तेस्रो पुर्ण बैठक मिति २०८२ जेष्ठ २३ गते बुटवलमा सम्पन्न भएको थियो। संगठनका रुपन्देही अध्यक्ष कमल पराजुलीको अध्यक्षता संगठन केन्द्रिय सचिवालय सदस्य तथा लुम्बिनी प्रदेश सह इन्चार्ज नारायण प्रसाद भण्डारीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको उक्त बैठकले कर्मचारीको हकहितका समसामयिक विषयमा महत्त्वपूर्ण निर्णय गरि सम्पन्न भएको थियो ।




# कर्णाली प्रदेश कार्यसमितिका गतिविधि

## कर्णाली प्रदेश कार्य समितिका गतिविधिहरुः

१. जेठ ३ गते ३२ औ मदन- आश्रित स्मृति दिवसको अवरमा जनसंगठनहरुको तर्फबाट संयुक्त रुपमा प्रशान्ती वृद्धाश्रममा खाद्यान्न वितरण तथा स्वास्थ्य परीक्षण कार्यक्रम सम्पन्न भएको ।

२. जेठ ४ गते संगठनका स्थानीय तहका कर्मचारीहरु सहित मुख्यमन्त्रीसँग स्थानीय सेवा संशोधन विधेयकका विषयमा छलफल सम्पन्न भएको।

३. जेठ ५ गते जीवन विज्ञानको स्वःजागरण कार्यक्रममा सम्पन्न भएको ।

४. जेठ ६ गते पेसागत महासंघ नेपालको स्थापना दिवसको अवसरमा मानवसेवा आश्रममा भोजन अर्पण कार्यक्रम सम्पन्न भएको ।

५. २०८२ जेठ ८ नेपाल निजामती कर्मचारी संगठनको नेतृत्वमा कर्णाली प्रदेशमा क्रियाशील राष्ट्रियस्तरका ट्रेड युनियनले संयुक्त रुपमा कर्णाली प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ संशोधन विधेयक स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई उत्प्रेरित हुने गरी यथाशीघ्र जारी गर्न समन्वय र सहयोग गरिदिन कर्णाली प्रदेशसभाका माननीय सभामुखज्यू र प्रदेश सभामा प्रतिनिधित्व गर्ने सबै दलका प्रमुख सचेतकलाई ज्ञापनपत्र पेश गर्ने कार्यक्रम सम्पन्न गरियो थियो।

६. जेठ १० गते कर्णाली प्रदेशका मुख्यमन्त्रीज्यू सँग स्थानीय सेवा ऐन संशोधन विधेयक लगायतका विषयमा छलफल कार्यक्रम स्मपन्न भएको थियो ।

७. जेठ ११ गते स्थानीय सेवा ऐन संशोधन विधेयकका सन्दर्भमा मुख्यमन्त्री प्रमुख सचिव र सचिवहरुलाई संगठनको पहलमा संयुक्त ट्रेड युनियन र स्थानीय सञ्चाल सहित छलफल कार्यक्रम भएको थियो ।

८. जेठ १५ गते संयुक्त ट्रेड युनियन र आन्दोलनरत स्थानीय तहका कर्मचारीबीच संगठन कार्यालयमा छलफल गर्नुका साथै कर्णाली प्रदेशका प्रमुख सचिव, प्रशासन सचिव सहित ट्रेड युनियन र स्थानीय कर्मचारीबीच वार्ता समिति गठन गर्ने सम्बन्धमा छलफल सम्पन्न भएको थियो ।

९. २०८२ जेठ १८ गते कर्णाली प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को विषयलाई लिएर भईरहेको स्थानीय सेवाका कर्मचारीहरुको आन्दोलनलाई व्यवस्थापन गर्न नेपाल निजामती कर्मचारी संगठनको पहलमा संगठनको कार्यालयमा संयुक्त ट्रेड युनियन र स्थानीय तहका कर्मचारीहरुबीच छलफल गरी साझा धारणा तय गरिएको थियो।

१०. २०८२ जेठ १९ गते कर्णाली प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ लाई संशोधन गर्नका लागि प्रदेश सरकारद्धारा गठित वार्ता समितिसँग छलफल तथा समन्वय गरी त्रिपक्षिय सहमति गरिएको थियो ।

११. जेठ २५ गते संघीय निजामती सेवा ऐन यथाशिघ्र जारी गर्न दवाव स्वरुप संयुक्त रुपमा कालोपट्टी बाँधेर केन्द्रीय निर्देशन अनुसार प्रदेश र सबै जिल्लागत रुपमा विरोधको कार्यक्रम सम्पन्न भएको थियो ।

## जिल्लागत गतिविधिहरुः

### सुर्खेतः

१. जेठ ३ गते ३२ औ मदन- आश्रित स्मृति दिवसको अवरमा जनसंगठनहरुको तर्फबाट संयुक्त रुपमा प्रशान्ति वृद्धाश्रममा खाद्यान्न वितरण तथा स्वास्थ्य परीक्षण कार्यक्रममा सहभागी।

२. जेठ ४ गते संगठनका स्थानीय तहका साथीहरु सहित मुख्यमन्त्रीसँग स्थानीय सेवा संशोधन विधेयकका विषयमा छलफल।

३. जेठ ५ गते जीवन विज्ञानको स्वजागरण कार्यक्रममा शुभ होटलमा सहभागी भएको।

४. जेठ ६ गते पेशागत महासंघ नेपालको स्थापना दिवसको अवसरमा मानवसेवा आश्रममा भोजन अर्पण कार्यक्रममा सहभागी।

५. २०८२ जेठ ८ नेपाल निजामती कर्मचारी संगठनको नेतृत्वमा कर्णाली प्रदेशमा क्रियाशील राष्ट्रियस्तरका ट्रेड युनियनले संयुक्त रुपमा कर्णाली प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ संशोधन विधेयक स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई उत्प्रेरित हुनेगरी यथाशीघ्र जारी गर्न समन्वय र सहयोग गरिदिन कर्णाली प्रदेशसभाका माननीय सभामुखज्यू र प्रदेश सभामा प्रतिनिधित्व गर्ने सबै दलका प्रमुख सचेतकलाई ज्ञापनपत्र पेश गरिएको थियो।

कर्णाली प्रदेशका १० वटै जिल्लाबाट केन्द्रीय निर्देशन अनुसार २०८२ जेठ २५ गते संघीय निजामती सेवा ऐन यथाशिघ्र जारी गर्न दवाव स्वरुप संयुक्त रुपमा कालोपट्टी बाँधेर विरोधको कार्यक्रम सम्पन्न गरेको थियो।

## सुदूरपश्चिम प्रदेश कार्यसमितिका गतिविधि

- ✓ मिति २०८२ जेठ २ गते स्थानीय तहमा कार्यरत कर्मचारीहरुको स्थानीय सेवा ऐन जारी गराउन दवावमूलक कार्यक्रममा सहभागीता जनाइएको ।
- ✓ २०८२ जेठ ३ गते आन्दोलनरत पक्ष र प्रदेश सरकार वीच सम्झौता गराउन प्रमुख भूमिका निर्वाह गरेको ।
- ✓ बाजुरा जिल्लाको बम्का बजारमा भएको आगलागीबाट भएको धनजनको क्षति प्रति संगठनले पिडित पक्षलाई तत्काल राहत उपलब्ध गराउन प्रदेश सरकारलाई ध्यानाकर्षण गराएको ।
- ✓ अछाम र वैतडी जिल्लामा केन्द्रीय कार्य समितिका सदस्यहरुलाई बधाई तथा स्वागत कार्यक्रम सम्पन्न ।
- ✓ २०८२ जेठ २७ गते वैठक वसी ४ जिल्लाका राष्ट्रसेवक सहकारी संस्था लिको भवन निर्माणका लागि प्रदेश सरकारसँग जग्गा माग गर्ने निर्णय गरी बैठक सम्पन्न भएको ।
- ✓ डिभिजन वन कार्यालय कंचनपुरका प्रमुख र कैलाली भन्सार प्रमुख माथि भएको कुटपिट घटनाप्रति संगठनले खेद व्यक्त गर्दै घटनामा संलग्न व्यक्तिलाई हदै सम्मको कारवाही गर्ने माग गर्ने निर्णय गरियो ।





## सूचना

**आगामी अङ्क असारको लागि संगठनले भए गरेका विवरण फोटोसहित अनिवार्यरूपमा पठाइदिनुहुन हार्दिक अनुरोध छ । – सम्पादक**


प्रकाशक

**नेपाल निजामती कर्मचारी संगठन**
**Nepal Government Employees' Organization**
केन्द्रीय कार्य समिति, बबरमहल, काठमाडौं-२०४७
फोन नं. : ०१-५३५५८९८, ५३५५०२७
ईमेल: negeocc078@gmail.com
वेव : www.negeo.org.np


प्रेषक

प्रापक